सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१७ मंसिर २०८०, आइतबार (3 Dec 2023, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २२३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ जलवायु सम्मेलनमा
प्रधानमन्त्री प्रचण्डको सम्बोधन

'नेपालमाथि अन्याय भएको छ, अब रोकिनुपर्छ'





संयुक्त राष्ट्रसंघको जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप-२८)लाई शनिबार सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड । युएईको दुबईमा भएको सम्मेलनमा विश्वका १८० मुलुक तथा करिब ५० हजार प्रतिनिधि सहभागी थिए ।

तस्बिरहरू : **प्रदीपराज वन्त**/रासस

पर्शुराम काफ्ले/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वव्यापी कार्बन उत्सर्जनमा नेपालको योगदान लगभग शून्यमा भए पनि नेपालले जलवायु परिवर्तनको प्रत्यक्ष, असमान र हानिकारक प्रभाव भोगिरहेको अनुभव सुनाएका छन् । युएईको दुबईमा आयोजित जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलनलाई शनिबार सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले नेपालजस्ता मुलुकप्रति अन्याय भएको र यो रोक्न माग गरेका हुन् ।

जलवायु परिवर्तनबाट हिमनदी सकिँदै गएको र तल्लोतटीय क्षेत्रका अर्बौं मानिसको जीविकोपार्जनमा नकारात्मक असर परेकामा समेत उनले विश्व समुदायलाई ध्यानाकर्षण गराएका छन् । प्रधानमन्त्री प्रचण्डले बढ्दो तापक्रमले हिमाललाई यातना दिएको भन्दै बचाउन आह्वान गरेका छन् ।

'हामीमाथि भएको डरलाग्दो अन्यायका कारण हाम्रा जनता पहिरो, बाढी, जंगलमा डढेलो, हिमताल विस्फोटको प्रकोप, खडेरीलगायत जलवायुजन्य प्रकोपबाट नराम्ररी प्रभावित भएका छन्,' प्रधानमन्त्री प्रचण्डले भने, 'यो सरासर अन्याय हो, अब रोकिनुपर्छ ।' यो तीन करोड नेपालीको सन्देश रहेको उनको भनाइ थियो ।

प्रधानमन्त्री प्रचण्डले विकसित मुलुकका कारण नेपालजस्ता मुलुक आफ्नै भाग्यमा बाँच्न पछाडि परेको टिप्पणी गरे । 'विकसित देशहरूको प्रतिज्ञा र कार्य एक-अर्कासँग मेल खाँदैनन् । उनीहरूले आफ्ना प्रतिबद्धता तत्काल पूरा गर्नुपर्छ,' प्रधानमन्त्रीले भने, 'यस संकटलाई सम्बोधन गर्न हामी आफैंलाई बचाउन हाम्रा हिमाल बचाऊ ।'

जलवायु परिवर्तनबाट हुने हानि र क्षतिका लागि स्थापना गरिएका कोष अल्पविकसित र हिमाली देशका लागि सरलीकृत र पर्याप्त हुनुपर्ने पनि प्रधानमन्त्रीले उल्लेख गरे । 'वास्तवमा, यो प्रकृति र मानवताविरुद्धको युद्ध हो । आफ्नो अदूरदर्शी र स्वार्थी इच्छा पूरा गर्न हामी आफैं र भावी पुस्तासँग युद्ध लडिरहेका छौं,' प्रधानमन्त्रीले थपे, 'त्यसकारण, म यहाँ मेरा निर्दोष मानिसका लागि

» पृष्ठ २ मा क्रमशः

> **हामीमाथि भएको डरलाग्दो अन्यायका कारण हाम्रा जनता पहिरो, बाढी, जंगलमा डढेलो, हिमताल विस्फोटको प्रकोप, खडेरीलगायत जलवायुजन्य प्रकोपबाट नराम्ररी प्रभावित भएका छन् । यो सरासर अन्याय हो, अब रोकिनुपर्छ ।**
>
> **विकसित देशहरूको प्रतिज्ञा र कार्य एक-अर्कासँग मेल खाँदैनन् । उनीहरूले आफ्ना प्रतिबद्धता तत्काल पूरा गर्नुपर्छ । यस संकटलाई सम्बोधन गर्न हामी आफैंलाई बचाउन हाम्रा हिमाल बचाऊ ।**
>
> **वास्तवमा, यो प्रकृति र मानवताविरुद्धको युद्ध हो । आफ्नो अदूरदर्शी र स्वार्थी इच्छा पूरा गर्न हामी आफैं र भावी पुस्तासँग युद्ध लडिरहेका छौं । त्यसकारण, म यहाँ मेरा निर्दोष मानिसका लागि जलवायु न्यायका लागि उभिएको छु, जो यस प्रकोपबाट पूर्ण रूपमा पीडित छन् ।'**

आज स्वदेश फर्कंदै प्रधानमन्त्री

जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप-२८)मा सहभागी हुन बुधबार संयुक्त अरब इमिरेट्स (युएई) गएका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड आज स्वदेश फर्कंदै छन् । जलवायु परिवर्तनले हिमाल र हिमाली क्षेत्रमा पारेको प्रभावको एजेन्डा लिएर नेपाली प्रतिनिधिमण्डलसहित प्रधानमन्त्री प्रचण्ड १३ मंसिरमा दुबई प्रस्थान गरेका थिए । प्रधानमन्त्री प्रचण्ड १५ र १६ मंसिरमा 'वर्ल्ड क्लाइमेट एक्सन समिट'अन्तर्गत 'हाई लेभल सेग्मेन्ट'मा सहभागी भएका थिए । उनी युएईको ५२औं एकता दिवसमा आयोजित समारोहमा पनि सहभागी भए । प्रधानमन्त्रीले आबुधाबीमा रहेको नेपाली राजदूतावास भ्रमण गरेर त्यहाँ रहेका नेपाली समुदायसँग अन्तर्क्रिया गरेका थिए । यसबाहेक प्रधानमन्त्रीले सम्मेलनमा सहभागी विभिन्न मुलुकका सरकार प्रमुख, राष्ट्र प्रमुख तथा उच्चस्तरीय नेतृत्वसँग साइडलाइन भेटवार्ता गरेका थिए । प्रधानमन्त्रीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र क्युबाका राष्ट्रपति मिगुइल म्यारियो डायज क्यानेलीसँग छुट्टाछुट्टै भेटवार्ता गरेका थिए ।



एक सय ९० पालिकामा प्रमुख प्रशासकीयको दरबन्दी रिक्त

प्रशासकीय अधिकृत नहुँदा आर्थिक कारोबार, प्रशासनिक बाँडफाँट, विकास निर्माण र सेवा प्रवाह नै प्रभावित, उपसचिव प्रमुख प्रशासकीय हुनुपर्ने ५० नगरपालिकामा शाखा अधिकृतलाई जिम्मेवारी

वैज्ञानिक रूपमा सरुवा व्यवस्थापन नहुँदा प्रशासन भद्रगोल, कार्यदलको प्रतिवेदन नै बेवारिसे

स्थानीय तहदेखि संघसम्म 'निमित्त'मै खुसी

सुवास भट्ट/नयाँ पत्रिका

प्रमुख प्रशासकीय अधिकृतको दरबन्दी रिक्त हुँदा झन्डै दुई सय स्थानीय तह प्रभावित बनेका छन् । प्रशासकीय अधिकृत नहुँदा आर्थिक कारोबार, प्रशासनिक बाँडफाँट, विकास निर्माण र सेवा प्रवाह नै प्रभावित भएको हो ।

पालिकामा प्रमुख प्रशासकीय अधिकृत संघअन्तर्गतको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले खटाउने व्यवस्था छ । तर, मन्त्रालयका अनुसार अहिले एक सय चार नगरपालिका, ८० गाउँपालिका र ६ उपमहानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत रिक्त छन् । रिक्त हुने क्रम बढ्दै गएको मन्त्रालयले जनाएको छ । प्रमुख प्रशासकीय रिक्त रहेका अधिकांश पालिका निमित्तका भरमा चलेका छन् । उपसचिवको दरबन्दी हुने नगरपालिकामा वरिष्ठ शाखा अधिकृतलाई प्रमुख प्रशासकीयको जिम्मेवारी तोकेर पठाइएको छ । करिब ५० नगरपालिकामा शाखा अधिकृतलाई प्रमुख प्रशासकीयको जिम्मेवारी तोकिएको छ । त्यस्तै, सहसचिव

» पृष्ठ २ मा क्रमशः





● **अमनलाल मोदी**, पूर्वमन्त्री, संघीय मामिला मन्त्रालय
सबै पालिकामा प्रमुख प्रशासकीय अधिकृतको दरबन्दी सिर्जना गर्ने, तर नपठाउने भन्ने मिल्दैन

● **पूर्णचन्द्र भट्टराई**, पूर्वसचिव
मन्त्रालयले रोस्टर बनाएर प्रमुख प्रशासकीय अधिकृतको व्यवस्थापन गर्नुपर्छ





● **लक्ष्मीदेवी पाण्डे**, अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासंघ
प्रमुख प्रशासकीय अधिकृत नहुँदा स्थानीय तहमा ठूलो क्षति भएको छ

● **विनोदप्रकाश सिंह**, सचिव, संघीय मामिला मन्त्रालय
प्रमुख प्रशासकीय अधिकृत खटाउने सम्बन्धमा मापदण्डको तयारी चल्दै छ



दुर्गमका स्थानीय तहमा जानै मान्दैनन् कर्मचारी

दरबन्दीअनुसार कर्मचारी पूर्ति नहुँदा निम्तिएको समस्या एकातिर छँदै छ, स्थानीय तहमा जानै नमान्ने अर्को ठूलो रोग कर्मचारी वृत्तमा व्याप्त छ । यसबाट सबैभन्दा बढी समस्या खासगरी दुर्गम क्षेत्रका पालिकाले झेल्दै आएका छन् । सकेसम्म संघमै रहन बल गर्ने कर्मचारीको प्रवृत्तिका कारण पनि स्थानीय तहमा प्रमुख प्रशासकीय रिक्त हुन गएको मन्त्रालय बताउँछ । परिणामतः अहिले संघमा आवश्यकताभन्दा बढी कर्मचारी थुप्रिएका छन् भने पालिकाहरूमा सेवा प्रवाह नै प्रभावित भएका छन् ।

संघमा आवश्यकभन्दा बढी कर्मचारी भएर कामविहीन हुने, तर स्थानीय तहमा कर्मचारी अभावमा सेवा प्रवाह प्रभावित भएपछि यसअघि मन्त्रालयले बल नै प्रयोग गरेर संघका कर्मचारीलाई पालिकामा पठाएको थियो । पूर्वमन्त्री अमनलाल मोदीले स्थानीय तहमा निमित्तको समस्या शून्यमा झार्ने गरी काम अघि बढाएका थिए । भौगोलिक क्षेत्रको अवधि पूरा गरेका र वर्षौंदेखि सिंहदरबार, काठमाडौं उपत्यकालगायत सहरी र सुगम क्षेत्रमा कार्यरत कर्मचारीलाई पिआइएस (वैयक्तिक विवरण) हेरेर बलपूर्वक दुर्गम तथा अन्यत्र सरुवा गर्ने अभियान सुरु गरेका थिए । मन्त्रालयले समयसीमा नै तोकेर साउनमा भौगोलिक क्षेत्रको अवधि पुगेका कर्मचारीबाट सरुवा निवेदन मागेको थियो । उक्त निवेदन र पिआइएस विवरणसमेतलाई हेरेर मन्त्रालयले सिंहदरबार र काठमाडौं उपत्यकामा लामो अवधि बसेका कर्मचारीलाई बाहिर सरुवा गरी सो ठाउँमा दुर्गम तथा बाहिर भौगोलिक क्षेत्रको अवधि पूरा गरेकालाई ल्याइएको थियो । यसरी तीन दर्जन उपसचिव, शाखा अधिकृतलगायतको सरुवा गरिएको थियो ।

त्यस्तै, मन्त्रालयले गत भदौमा लोकसेवा आयोगबाट भर्खरै नियुक्ति पाएका ८० शाखा अधिकृतलाई प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति दिएर स्थानीय तहमा पदस्थापन गरेको थियो । खाली रहेका तथा निमित्तले धानेका स्थानीय तहमा ती अधिकृतलाई पदस्थापन गरिएको थियो । यिनै प्रयत्नका कारण मन्त्रालयले गत भदौमा स्थानीय तहमा ठूलो संख्यामा रहेका निमित्त प्रमुख प्रशासकीय अधिकृतलाई ४० मा झारेको थियो । तर, मोदी मन्त्रीबाट बाहिरिएसँगै स्थानीय तहमा कर्मचारी व्यवस्थापन पूर्ववत् अवस्थामै फर्किएको छ । 'म मन्त्री हुँदा स्थानीय तहमा निमित्तको समस्या हल गर्ने भनेर लागेको थिएँ,' मोदीले भने, 'तीन सय पालिकामा निमित्त प्रमुख प्रशासकीय अधिकृत रहेकामा हामीले ४० मा झारेका थियौं । मधेशमा त निमित्तको समस्या झन् शून्यमा झारेका थियौं ।'

सुदूरपश्चिममा एक वर्षमा थपिए ३५२ एचआइभी संक्रमित

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेशमा एक वर्षको अवधिमा साढे दुई सयजना एचआइभी एड्सका नयाँ संक्रमित पत्ता लागेका छन् । गत आर्थिक वर्षमा प्रदेशका नौ जिल्लाका विभिन्न स्थानमा गरिएको परीक्षणमा एक सय तीनजना महिलासहित दुई सय ५२ जनामा एचआइभी पजिटिभ देखिएको सरकारी तथ्यांक छ ।

> कैलालीमा १०५, कञ्चनपुरमा ५३, अछाममा २८, डोटीमा २४, बैतडीमा आठ, बाजुरा, बझाङ र डडेल्धुरामा ६-६ र दार्चुलामा एकजनामा एचआइभी पजिटिभ

प्रदेश स्वास्थ्य निर्देशनालय राजपुरका अनुसार सबैभन्दा बढी कैलालीमा एक सय पाँच, कञ्चनपुरमा ५३, अछाममा २८ र डोटीमा २४ जनामा संक्रमण देखिएको छ । बैतडीमा आठ, बाजुरा, बझाङ र डडेल्धुरामा ६-६ र दार्चुलामा एकजनामा एचआइभी पजिटिभ देखिएको निर्देशनालयको तथ्यांक छ । प्रदेशभरि हालसम्म चार हजार ७१७ जनामा एचआइभी संक्रमण पत्ता लागेकोमा अहिले तीन हजार ६२३ जना उपचारमा छन् ।

कैलालीमा हाल एक हजार ७०९ जना एआरटी उपचारमा रहेका जिल्ला स्वास्थ्य कार्यालय कैलालीका एचआइभी फोकलपर्सन देवराज जोशीले जानकारी दिए । गत आर्थिक वर्षभरि प्रदेशमा एचआइभी संक्रमित २४ महिला, ४३ पुरुष र एकजना यौनिक अल्पसंख्यकको मृत्यु

» पृष्ठ २ मा क्रमशः

बाजुराका भूकम्पपीडित दुई महिनादेखि पालमुनि



गत १६ असोजमा बझाङको तलकोट केन्द्रबिन्दु भएर गएको भूकम्पले बाजुराका १४ सय ६० घर पूर्ण रूपमा क्षति भएका थिए


(समाचार पृष्ठ ३)

नेपालमा पाँच लाखभन्दा बढी वेबसाइट बन्द

● **ऐनविपरीत खोलिएका न्युज पोर्टल, अनलाइन जुवा खेलाउने तथा पोर्नसाइट बन्द**

■ टिकटक बन्द नगर्ने सेवाप्रदायकलाई कारबाही गर्न सिफारिस

(समाचार पृष्ठ ६)



कांग्रेसको लुम्बिनी प्रदेश सम्मेलन बुटवलमा सुरु

कांग्रेस थप स्थापित र बलियो हुने देउवाको विश्वास

बुटवलमा **विष्णु घिमिरे**

कांग्रेसका सभापति शेरबहादुर देउवाले लुम्बिनीबाट कांग्रेस थप स्थापित र बलियो हुने विश्वास व्यक्त गरेका छन् । पार्टी लुम्बिनी प्रदेशको प्रथम सम्मेलनको शनिबार बुटवलमा उद्घाटन गर्दै उनले गौतम बुद्धको जन्मभूमि रहेको प्रदेश पार्टी सम्मेलनको सफलताको शुभकामना पनि दिए ।

बुद्धिजमप्रति आकर्षण संसारभर बढेको भन्दै उनले बुद्धको भूमिबाट कांग्रेस थप स्थापित र बलियो हुने विश्वास व्यक्त गरेका हुन् । आफूले कम बोल्ने र काम बढी गर्ने खोजेको देउवाको भनाइ छ । 'कम बोल्ने र काम बढी गर्न खोजेको छु, हेर्रौं के हुन्छ । भाषणभन्दा बढी काम गर्नेछु,' उनले भने ।

नेता डा. शेखर कोइरालाले मुलुकमा सुशासन नभएको, भ्रष्टाचार बढेको भन्दै राज्य सञ्चालन गर्नेमा पारदर्शितासमेत नभएको बताए । भ्रष्टाचार निर्मूल र दण्डहीनताको अन्त्य नभएसम्म मुलुक बन्न नसक्ने धारणा राख्दै उनले भ्रष्टाचार निर्मूल र दण्डहीनताको अन्त्य नभएसम्म विश्राम लिन नहुनेमा पनि जोड दिए ।



प्रथम प्रदेश अधिवेशनको शनिबार बुटवलमा उद्घाटन गर्दै कांग्रेस सभापति शेरबहादुर देउवा

नेता कोइरालाले समयमै महाधिवेशन गरी एक ढिक्का भएर अगाडि बढेमा कांग्रेसले कसैको सहारा विनै चुनाव जित्ने दाबी पनि गरे । उनले अब वडादेखि केन्द्रसम्मका चुनाव कांग्रेस एक्लै लड्नुपर्नेसमेत बताए ।

कांग्रेस महामन्त्री गगनकुमार थापाले नागरिकमा छाएको निराशा र आक्रोशबाट बाहिर निकाल्ने काम कांग्रेसको भएको बताए । कांग्रेस छ भन्ने भरोसा दिलाउने गरी काम गर्नुपर्नेमा उनले जोड दिए । शीर्ष नेताहरूले त्याग गर्नुपर्ने धारणा पनि उनले राखे । त्यस्तै, ०८४ आउँछ, जान्छ त्यसमा कुनै चिन्ता नभएको भन्दै उनले जनतालाई निराशाबाट मुक्त गर्न सके ०८४ कांग्रेसको पक्षमा आउने विश्वास व्यक्त गरे ।

महामन्त्री थापाले भ्रष्टाचारका विषयमा जनता बढी रिसाएको भन्दै भ्रष्टाचार नियन्त्रण गर्न भ्रष्टाचार नियन्त्रण गर्ने संयन्त्रहरूलाई प्रभावकारी र स्वतन्त्र ढंगले काम गर्न दिनुपर्ने गरी लैजानुपर्ने आवश्यकतामा जोड दिए ।

कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले कांग्रेसलाई गतिशील र बलियो बनाउन लागिपर्नुपर्नेमा जोड दिए । उनले मिसन ०८४ को कुरा गर्नेलाई शुभकामना दिँदै कांग्रेस मिसन ०८४ मा नरहेको बताए । ठीक समयमा चुनाव गराउन जुर्तौंला, तर अहिले मुलुक बनाउन जुर्तौं । अहिलेका समस्या भित्किएका-बिग्रिएका विषयमा कांग्रेस बोल्छ, र रूपान्तरणमा लागिपर्छ भन्दै उनले नागरिकसँग टुट्दै गएको विश्वास जोड्दै कांग्रेस अगाडि बढ्ने बताए ।

एक सय ९० पालिकामा...

पृष्ठ १ बाट क्रमशः

सहसचिव दरबन्दी हुने ११ उपमहानगरमध्ये ६ वटामा उपसचिवलाई जिम्मेवारी दिइएको छ । प्रमुख प्रशासकीय नहुँदा आर्थिक कारोबार नै बन्द हुन्छ । निमित्तलाई आर्थिक अधिकारसहितको जिम्मेवारी दिएर समस्या टालटुल पार्दै आएको छ । कतिपय पालिकामा त निमित्त पनि छैनन् । नवलपरासी, बर्दघाट सुस्ता पूर्वको हुप्सेकोट गाउँपालिकाकी अध्यक्षसमेत रहेकी गाउँपालिका राष्ट्रिय महासंघ नेपालकी अध्यक्ष लक्ष्मीदेवी पाण्डे प्रमुख प्रशासकीय अधिकृत नहुँदा स्थानीय तहको सेवा प्रवाहको मूल ढोका नै 'लक' भएको बताउँछिन् । 'स्थानीय तह सञ्चालनका लागि अब्बल कर्मचारीका रूपमा प्रमुख प्रशासकीय अधिकृतलाई कार्यालय प्रमुख बनाएर खटाइएको हुन्छ । तर, जिम्मेवारी पाएको कर्मचारी नै नहुँदा स्थानीय तहमा कति असर गरेको छ भन्ने जवाफ हामीसँग छैन,' उनले भनिन्, 'संघले स्थानीय तह नचिनेर हो कि मर्म नबुझेर हो या किन हामीले थाहा पाउन सकेका छैनौं ।' यो समस्या तत्काल समाधान गर्न नसकिए संघीयतालाई नै असर पुग्ने उनको चेतावनी छ ।

स्थानीय तहमा प्रमुख प्रशासकीयको सदाबहार समस्या

स्थानीय तहहरूले स्थापनादेखि नै प्रमुख प्रशासकीय अधिकृतको अभाव झेल्दै आएका छन् । दोस्रोपटक जनप्रतिनिधि निर्वाचित भएर आइसक्दा पनि समस्या ज्युँका त्युँ छ । यसको प्रमुख कारक संघीय निजामती सेवा ऐन जारी नहुनु हो ।

सरकारले सात सय ५३ वटै पालिकामा प्रमुख प्रशासकीय अधिकृतको दरबन्दी निर्धारण गरेको छ । तर, यो दरबन्दी अहिलेसम्म पूर्ण रूपमा पूर्ति हुन सकेको छैन । प्रमुख प्रशासकीयको दरबन्दी राखेर लामो समयसम्म पनि पूर्ति नगरिँदा दरबन्दीको औचित्यमै प्रश्न उठेको छ ।

पूर्वसचिव पूर्णचन्द्र भट्टराई स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पठाउने विषय सरकारको प्राथमिकतामै नपरेजस्तो देखिएको बताउँछन् । 'संघीय सरकारले स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत कि पठाउँदिनँ भन्नुपर्‍यो, नत्र पठाउनुपर्‍यो । यसमा स्पष्ट हुनुपर्‍यो,' उनी भन्छन्, 'तर, सरकारले पठाउन सक्दिनँ पनि भनेको छैन, आवश्यकताअनुसार पठाएको पनि छैन । यो अकर्मण्यता हो ।'निमित्तबाट काम चलाउनु उपयुक्त नभएको र यसलाई बन्द गर्नुपर्ने उनको सुझाव छ । 'अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेका कारबाही हेर्दा पनि निमित्त भएका स्थानीय तहमा बढी समस्या रहेको देखिन्छ,' उनले भने, 'कतिपय कर्मचारी चाहेर पनि स्थानीय तह जान पाएका छैनन्, किनभने कतिपय स्थानीय तहले प्रमुख प्रशासकीय नआओस् भन्ने चाहेको देखिन्छ । प्रमुख प्रशासकीय छानीछानी लाने वा निमित्तबाटै काम चलाउने प्रवृत्ति बढ्यो ।' संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अब रोस्टर बनाएर स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको खटनपटनलाई व्यवस्थित गर्नुपर्ने र पालिकाले अस्वीकार गरे कारबाही गर्न सकिने उनको भनाइ छ ।

स्थानीय तहदेखि संघसम्म 'निमित्त'मै खुसी

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सेवा गठन नभएसम्मका लागि नेपाल सरकारबाट प्रमुख प्रशासकीय अधिकृत खटाउने व्यवस्था गरेको छ । त्यसैअनुसार मन्त्रालयले प्रमुख प्रशासकीय खटाउँदै आएको छ । तर, पूर्ण रूपमा सबै स्थानीय तहमा सधैं प्रमुख प्रशासकीय अधिकृत खटाउन सम्भव नहुने भएकाले यस्तो वेला आर्थिक र प्रशासनिक अधिकारको जिम्मेवारी निमित्तलाई दिने अभ्यास छ । तर, निमित्तलाई आर्थिक, प्रशासनिक अधिकार दिँदा स्थानीय तहमा अनुशासनहीनता, अनियमितता र बेरुजु बढेको निष्कर्षका आधारमा मन्त्रालयले गत असोजमा कठोर कदम चालेको थियो । आफूले खटाएका केही कर्मचारीलाई स्थानीय तहले हाजिर नगराई फिर्ता पठाएर आफूखुसी निमित्तबाट काम चलाउन खोजेपछि मन्त्रालयले निमित्तलाई दिइएको आर्थिक अधिकार खोस्ने निर्णय गरेको थियो । तर, प्रमुख प्रशासकीय पठाउन नसकेर स्थानीय तहको कामकारबाहीसमेत प्रभावित भएपछि मन्त्रालयको उक्त निर्णय लामो समय टिकेन । अहिले मन्त्रालयले धमाधम निमित्तको अधिकार दिइरहेको छ ।

मन्त्रालयका सचिव विनोदप्रकाश सिंह स्थानीय तहमा जान नमान्ने प्रवृत्ति कर्मचारीमा रहेको बताउँछन् । 'स्थानीय तहमा इच्छाले भन्दा पनि बाध्यतावश बस्नेहरू छन्,' उनले भने । राजनीतिकलगायत विभिन्न कारणले स्थानीय तहमा बस्न नसकेको वा गाह्रो भएको गुनासो कर्मचारीको रहेको उनको भनाइ छ ।

स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटाउने सम्बन्धमा मन्त्रालयले मापदण्डको तयारी गरिरहेको र विभिन्न चरणमा छलफल भएको उनले बताए । 'नयाँ नियुक्ति लिएका, बढुवा भएका, हालसम्म नगएका र ज्येष्ठहरूलाई प्रमुख प्रशासकीय अधिकृत बनाएर पठाउने विषयलाई मापदण्डमा समेट्ने प्रयास गरेका छौं,' उनले भने, 'प्रमुख प्रशासकीय भएर गएपछि कम्तीमा एक वर्ष त्यहाँ रहनुपर्ने कुरालाई पनि जोड दिएका छौं ।'

सबै पालिकामा प्रमुख प्रशासकीय अधिकृतको दरबन्दी सिर्जना गर्ने, तर नपठाउने भन्ने मिल्दैन

● **अमनलाल मोदी**, पूर्वमन्त्री, संघीय मामिला तथा सामान्य प्रशासन

म मन्त्री हुँदा स्थानीय तहमा निमित्तको समस्या हल गर्ने भनेर लागेको थिएँ । तीन सय पालिकामा निमित्त प्रमुख प्रशासकीय अधिकृत रहेकामा हामीले ४० मा झरेका थियौं । मधेशमा त शून्यमै झरेका थियौं । कार्यदल बनाएर त्यसको सिफारिसबमोजिम भौगोलिक क्षेत्रको अवधि पूरा भएर लामो समय दुर्गममा बसेकालाई सुगममा ल्याउने र सुगममा रहेकालाई दुर्गममा लाने प्रक्रिया पनि सुरु गरेका थियौं । प्रशासनिक व्यवस्थापन र सुधारका लागि अहिले मन्त्रालय त्यति गतिशील देखिएन । सबै पालिकामा प्रमुख प्रशासकीय अधिकृतको दरबन्दी सिर्जना गर्ने, तर नपठाउने भन्ने मिल्दैन ।

प्रमुख प्रशासकीय अधिकृत नहुँदा स्थानीय तहमा ठूलो क्षति भएको छ

● **लक्ष्मीदेवी पाण्डे**, अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

स्थानीय तह सञ्चालनका लागि अब्बल कर्मचारीका रूपमा प्रमुख प्रशासकीय अधिकृतलाई कार्यालय प्रमुख बनाएर खटाइएको हुन्छ । तर, जिम्मेवारी पाएको कर्मचारी नै नहुँदा स्थानीय तहमा कति असर गरेको छ भन्ने जवाफ हामीसँग छैन । संघले स्थानीय तह नचिनेर हो कि मर्म नबुझेर हो थाहा पाउन सकेका छैनौं । प्रमुख प्रशासकीय अधिकृत नहुँदा स्थानीय तहको सेवा प्रवाहको मूल ढोका नै 'लक' भएको छ । संघले आफ्नो जिम्मेवारीअन्तर्गत व्यवस्थापन नगर्दा स्थानीय तहमा ठूलो क्षति भएको छ ।

मन्त्रालयले रोस्टर बनाएर प्रमुख प्रशासकीय अधिकृतको व्यवस्थापन गर्नुपर्छ

● **पूर्णचन्द्र भट्टराई**, पूर्वसचिव

सरकारले प्रमुख प्रशासकीय अधिकृत पठाउन सक्दिनँ पनि भनेको छैन, आवश्यकताअनुसार पठाएको पनि छैन । यो अकर्मण्यता हो । निमित्तबाट काम चलाउने कुरा उपयुक्त छैन, यो बन्द गर्नुपर्छ । कतिपय कर्मचारी चाहेर पनि स्थानीय तह जान पाएका छैनन्, किनभने कतिपय स्थानीय तहले प्रमुख प्रशासकीय नआओस् भन्ने चाहेको देखियो । छानीछानी लाने वा निमित्तबाटै काम चलाउने प्रवृत्ति बढ्यो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मन्त्रालयले पठाएको प्रमुख प्रशासकीयलाई पालिकाले लिँदैन भने कारबाही गर्नुपर्‍यो । अब रोस्टर बनाएर व्यवस्थापन गर्नुपर्छ ।

प्रमुख प्रशासकीय अधिकृत खटाउने सम्बन्धमा मापदण्डको तयारी चल्दै छ

● विनोदप्रकाश सिंह, सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

स्थानीय तहमा जान नमान्ने प्रवृत्ति कर्मचारीमा छ । राजनीतिकलगायत कारणले स्थानीय तहमा बस्न नसकेको वा गाह्रो भएको गुनासो कर्मचारीको छ । प्रमुख प्रशासकीय अधिकृत खटाउने सम्बन्धमा मन्त्रालयले मापदण्डकै तयारी गरिरहेको छ । विभिन्न चरणमा छलफल भइरहेको छ । नयाँ नियुक्ति लिएका, बढुवा भएका, हालसम्म नगएका र ज्येष्ठहरूलाई प्रमुख प्रशासकीय अधिकृत बनाएर पठाउने विषयलाई मापदण्डमा समेट्ने प्रयास गरेका छौं । प्रमुख प्रशासकीय भएर गएपछि कम्तीमा एक वर्ष त्यहाँ रहनुपर्नेमा जोड दिएका छौं ।

सुदूरपश्चिममा...

पृष्ठ १ बाट क्रमशः

भएको उनले बताए । अछाममा पाँच सय ९२, डोटीमा चार सय ८५, कञ्चनपुरमा चार सय १५, बैतडीमा एक सय २१ र डडेल्धुरामा एक सय आठजना संक्रमित एआरटी उपचारमा रहेका निर्देशनालयको तथ्यांक रहेको जोशीले बताए । अन्य जिल्लामा उपचारमा रहेका संक्रमितको संख्या सयभन्दा कम छ ।

प्रदेशका सबै जिल्लामा गरी १७ वटा एआरटी सेन्टर छन् । स्वास्थ्य कार्यालय कैलालीका प्रमुख आशुतोष श्रेष्ठले पहिलेको तुलनामा हाल संक्रमित नियन्त्रणको अवस्थामा रहे पनि अझै न्यूनीकरणका लागि धेरै काम गर्नुपर्ने बताए । नियमित औषधि सेवन गरेर खानपानको आनीबानी सुधार गरे संक्रमित पूर्ण जीवन बाँच्न सक्ने उनले बताए ।

सुदूरपश्चिम एचआइभी संक्रमण उच्च रहेको क्षेत्र हो । यहाँबाट भारतीय रोजगारीमा जानेको संख्या धेरै रहेकाले पनि संक्रमण फैलिएको देखिन्छ । भारतमा काम गर्दा असुरक्षित शारीरिक सम्पर्कले संक्रमित हुने र उनीहरू घर फर्केपछि संक्रमण भएको थाहा नपाएर श्रीमतीलाई सारेको उदाहरण प्रशस्त भेटिन्छन् । संक्रमित आमाबुबाबाट जन्मेका कतिपय बालबालिका पनि एचआइभी संक्रमित छन् ।

एक हजार सात सय नौजना संक्रमितले औषधि सेवन गर्ने सेती प्रादेशिक अस्पतालको एआरटी सेन्टर देशकै ठूलो सेन्टरमध्ये पर्छ । सेती प्रादेशिक अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. शेरबहादुर कमरले जटिल अवस्थाका संक्रमितले आर्थिक अभावका कारण उपचारमा समस्या भोग्ने गरेको बताए । 'संक्रमितको निःशुल्क स्वास्थ्य बिमा गरिएको छ, तर संक्रमित जटिल अवस्थामा पुग्दा बिमाको एक लाखले उपचार खर्च धान्दैन,' डा. कमरले भने, 'त्यस्तो अवस्थामा बिरामीले उपचारमा आर्थिक अभावका कारण समस्या भोग्ने गरेका छन् ।'

प्रदेशमा एचआइभी संक्रमणदर उच्च रहे पनि परीक्षणको अभावले नयाँ संक्रमित पत्ता लाग्न नसकेको स्वास्थ्य क्षेत्रमा काम गर्नेहरू बताउँछन् । परीक्षणमा नयाँ प्रविधिको प्रयोग र परीक्षणलाई विस्तार गर्नु चुनौती रहेको एचआइभी फोकलपर्सन जोशीले बताए । औषधि सेवन गर्ने केन्द्र थोरै हुँदा संक्रमितलाई नियमित औषधि सेवन गर्न पनि समस्या रहेको उनले बताए । एआरटी सेन्टरमा सहज पहुँच नभएपछि बीचमै औषधि छोड्ने गरेको स्वास्थ्य कार्यालयले जनाएको छ । संक्रमण पत्ता लागेका, तर उपचारमा नरहेका संक्रमितको अवस्थाबारे सरोकारवाला निकाय बेखबर छन् । स्वास्थ्य निर्देशनालयका अनुसार गत वर्ष प्रदेशभरि एक लाख ४४ हजार ६ सय ४९ जनामा एचआइभी परीक्षण गरिएको थियो ।

४३ वर्षमा बाँकेमा १७२ को एचआइभी संक्रमितको मृत्यु

बाँके/ एचआइभी एड्सका कारण बाँकेमा हालसम्म एक सय ७२ जनाले ज्यान गुमाएका छन् । ४३ वर्षको अवधिसम्म पाँच सय ५६ एचआइभी संक्रमितले भेरी अस्पतालबाट एआरटी सेवा लिइरहेको जिल्ला स्वास्थ्य कार्यालय बाँकेका एचआइभी एड्स फोकलपर्सन रवीन्द्र शाहले जानकारी दिए । यीमध्ये चार सय १२ जना बाँकेका हुन् ।

एचएचएफको सहयोगमा नेपालगन्ज उपमहानगरपालिकाले बिहीबार आयोजना गरेको पत्रकार अन्तर्क्रिया कार्यक्रममा उनले पछिल्लो समय एचआइभी संक्रमण दर घटेको दाबी गरे । उनले आर्थिक वर्ष ०७८/७९ मा बाँकेमा ११ हजार सात सय ४५ जनाको एचआइभी परीक्षण गर्दा एक सय ५७ जनामा एचआइभी पुष्टि भएको जानकारी दिए । तर, आव ०७९/८० मा १७ हजार तीन सय २८ जनाको परीक्षण गर्दा एक सय नौजनामा एचआइभी पुष्टि भएको शाहले बताए ।

गर्भवती महिलामा पनि एचआइभी संक्रमण दर घटेको तथ्यांक छ । आव ०७९/८० मा जिल्लाका २१ हजार चार सय १६ जना जाँच गर्दा कसैमा पनि एचआइभी संक्रमण नदेखिएको उनले बताए । बाँकेमा जाँच भए पनि एचआइभी पुष्टि हुनेमा जिल्लाबाहिरका समेत भएको उनको भनाइ छ । 'बाँकेमा आएर परीक्षण गराउनेको संख्या पनि उल्लेख्य छ । यहाँ पुष्टि भएकामध्ये केही बाहिरी जिल्लाका पनि छन्,' उनले भने ।

भेरी अस्पतालले एचआइभी संक्रमितको उपचार र परीक्षण निःशुल्क गरिरहेको भेरी अस्पतालका ग्यास्ट्रोलोजिस्ट फिजिसियनसमेत रहेका एचआइभी एड्स फोकलपर्सन डा. संकेतकुमार रिसालले जानकारी दिए । उनले एचआइभी पुष्टि हुनेबित्तिकै एआरटी विधिमार्फत उपचार गरिएको बताए । अन्तर्क्रियामा नेपालगन्ज उपमहानगरपालिका स्वास्थ्य महाशाखा प्रमुख रामबहादुर चन्दले सचेतना जगाउन विश्व एड्स दिवसका अवसरमा १ डिसेम्बरको बिहान नेपालगन्जमा सचेतनामूलक र्‍याली निकालिने बताए । जिल्ला स्वास्थ्य कार्यालय बाँकेका प्रमुख सुनिता पौडेलले एचआइभीबारे सर्वसाधारणलाई जानकारी दिन सके संक्रमण न्यूनीकरण गर्न सकिने धारणा व्यक्त गरिन् ।

'नेपालमाथि...

पृष्ठ १ बाट क्रमशः

जलवायु न्यायका लागि उभिएको छु, जो यस प्रकोपबाट पूर्ण रूपमा पीडित छन् ।'

विश्वका एक सय ८० मुलुक तथा करिब ५० हजार प्रतिनिधिमाझ प्रधानमन्त्री प्रचण्डले राष्ट्रसंघीय महासचिव एन्टोनियो गुटेरेसलाई उद्धृत गर्दै थपे, 'प्रकृतिविरुद्धको युद्ध बन्द गर ।' नेपालको सगरमाथा र अन्नपूर्ण क्षेत्रमा स्थलगत भ्रमणपछि हिमालमा जलवायु परिवर्तनको विनाशकारी प्रभाव देखेर महासचिव गुटेरेसले विश्वको ध्यानाकर्षण गराउँदै आएका छन् ।

प्रधानमन्त्री प्रचण्डले नेपाल पेरिस सम्झौताप्रति पूर्ण प्रतिबद्ध रहेको पनि उल्लेख गरे । 'हामी सन् २०४५ सम्ममा नेट शून्य हरितगृह ग्यास उत्सर्जनको लक्ष्य हासिल गर्न प्रतिबद्ध छौं । हामी विश्वव्यापी लक्ष्यभन्दा पाँच वर्ष पहिला हुनेछौं,' प्रधानमन्त्रीले भने, 'तर, जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण योजना कार्यान्वयन गर्ने हाम्रा प्रयासले गम्भीर वित्तीय र प्राविधिक खाडल सामना गरिरहेका छन् ।' प्रधानमन्त्री प्रचण्डले अति कम विकसित मुलुकहरू जलवायु परिवर्तनको प्रभावबाट बढी जोखिममा रहेको र उनीहरूलाई आर्थिक र प्राविधिक सहयोग आवश्यक रहेको पनि उल्लेख गरे । जलवायुप्रेरित प्रकोपले हिमालयमा कीर्तिमान तोडिरहेको चिन्ताजनक अवस्थाबारे सार्वजनिक भएका प्रतिवेदनप्रति प्रधानमन्त्री प्रचण्डले चिन्ता व्यक्त गरे ।

'हामीले हाम्रा हिमनदीहरूको एकतिहाइ गुमाइसकेका छौं, वैज्ञानिकहरूले चेतावनी दिएका छन् कि हामीले यस शताब्दीको अन्त्यसम्म अर्को एकतिहाइ गुमाउनेछौं,' प्रधानमन्त्री प्रचण्डले भने, 'यो हामी सबैको लागि जागरण कल हो ।'

नेपालका तर्फबाट आयोजित बेग्लै बैठकमा पनि प्रधानमन्त्री पचण्डले संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस, एन्डोराका प्रधानमन्त्रीलगायत प्रतिनिधिसामू हिमालयको चिन्ता व्यक्त गरे । हिमाली मुलुकले सामना गरिरहेको जलवायु परिवर्तनको असरबारे प्रधानमन्त्री प्रचण्डले जानकारी गराएका थिए ।

कार्यक्रममा क्रिगिज रिपब्लिक, भुटान, स्लोभेनिया, मोन्टेग्रो, युएनडिपीका प्रतिनिधि तथा जवलायुविज्ञ सहभागी थिए । 'हिमालम जलवायु परिवर्तनको बढ्दो असर मानव जाति र इकोसिस्टम दुवैका लागि खतरनाक छ । मानवप्रेरित तापमान परिवर्तनले गहिरो जलवायु अराजकता निम्त्याएको छ,' प्रधानमन्त्री प्रचण्डले भने, 'नेपाल विश्वको सर्वोच्च स्थान सगरमाथाको देश हो । उच्च हिमाली क्षेत्र भएकाले जलवायु परिवर्तनका कारण उत्पन्न संकटको सामना अरूभन्दा पहिले नै नेपालले गरेको छ । म सबै अन्तर्राष्ट्रिय समुदायलाई भन्न चाहन्छु- आफैंलाई बचाउन हाम्रा हिमाल बचाऊ ।'

हिमाली समुदायको पीडा बुझ्न, सम्भावित समाधान खोज्न र समस्याबाट बाहिर ल्याउन हिमाल र जलवायु परिवर्तनसम्बन्धी संवादको थालनी गर्न प्रधानमन्त्रीले सुझाव दिए । उनले भने, 'हामी विश्व नेताहरू हिमाल, हिमाली इकोसिस्टम र हिमाली जनताको दिगो भविष्यको रक्षा गर्न एकसाथ हिँड्नुपर्छ ।'

हिमाल, हिमाली सभ्यता, हिमाली पारिस्थितिक प्रणाली र हिमालका बासिन्दाको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले नेपालले कार्यक्रम आयोजना गरेको थियो । प्रधानमन्त्रीले भने, 'हिमालमा जलवायु परिवर्तनले निम्त्याएका साझा चुनौतीको सामना गर्न सहयोग र ऐक्यबद्धता हासिल गर्न खोजेका हौं ।'

वैज्ञानिक रूपमा सरुवा व्यवस्थापन नहुँदा प्रशासन भद्रगोल, कार्यदलको प्रतिवेदन नै बेवारिसे

सरुवा प्रणाली व्यवस्थित बनाउन भन्दै सामान्य प्रशासन मन्त्रालयले गत २९ जेठमा मन्त्रालयका सहसचिव बलराम रिज्यालको संयोजकत्वमा कार्यदल गठन गरेको थियो । कार्यदलले सरुवा व्यवस्थापनका विद्यमान चुनौतीसमेत औंल्याएर समाधानका सुझाव समेटिएको प्रतिवेदन ३१ असारमा तत्कालीन मन्त्री अमनलाल मोदीलाई बुझाएको थियो । कार्यदलले निरन्तर तीन वर्ष वा सोभन्दा बढी अवधि काठमाडौं उपत्यकाभित्र कार्यरत कर्मचारीलाई कार्यावधिको ज्येष्ठताका आधारमा उपत्यकाबाहिर सरुवा गर्ने, सरुवालाई पूर्वानुमानयोग्य बनाउने, सरुवा प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाई कानुनबमोजिम सरुवा क्यालेन्डर बनाउने, अवसरको समान वितरण, कर्मचारीको पदपूर्तिदेखि अवकाशसम्मका सम्पूर्ण विवरणलाई सफ्टवेयरमार्फत व्यवस्थित गर्नुपर्नेलगायत सुझाव दिएको थियो । तर, प्रतिवेदन कार्यान्वयनमा मन्त्रालयले चासो देखाएको छैन । मन्त्रालयका प्रवक्ता कमलप्रसाद भट्टराई भन्छन्, 'कार्यदलले दिएको प्रतिवेदन उपयुक्त लागे गर्ने कुरा हुन्छ, नलागे परिमार्जन गर्ने कुरा हुन्छ । राम्रा कुरा कार्यान्वयन भइरहेकै हुन्छन् ।'

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका, देउखुरी नेपाल
सूचना प्रकाशित मितिः २०८०/०८/१७

लुम्बिनी प्रदेश सरकारको आयोजनामा लुम्बिनीमा हुने 4th Laureates & Leaders for Children: Development & Peace Summit, 2024 को प्रतिक चिन्ह (Logo) निर्माण गर्नुपर्ने भएकोले उक्त प्रतिक चिन्ह (Logo) निर्माण गर्न ईच्छुक व्यक्ति/फर्मले यस कार्यालयको वेभसाइट ***https://ocmcm.lumbini.gov.np*** मा राखिएको शर्तहरु बमोजिम पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

- लोगोमा सम्मेलनको नाम समावेश हुनुपर्नेछ ।
- लोगोमा शिखर सम्मेलनको पहिचान भाव विशेषता तथा विशिष्टता झल्किने हुनुपर्दछ ।
- लोगोमा नेपालको पहिचान झल्किने प्रकृति तथा संस्कृति साथै लुम्बिनी समावेश भएको हुनपर्नेछ ।
- कुनै जातिय विभेद र सामप्रदायिकलाई प्रश्रय हुने खालको सांकेतिकरण नभएको हुनुपर्नेछ ।
- राष्ट्रको सार्वभौमिकता राष्ट्रिय एकता तथा भौगोलिक अखण्डतामा आँच आउने संकेत प्रयोग नभएको हुनुपर्नेछ ।
- लोगोमा समावेश भएको संकेतहरुको संक्षिप्त व्याख्या गर्नुपर्नेछ ।
- पेश भएको लोगो डिजाइनमा छनौटमा समितिबाट कुनै सुझाव आएमा परिमार्जित डिजाइन पेश गर्नुपर्नेछ ।
- लोगोको स्वीकृति तथा प्रयोग सम्बन्धी सर्वाधिकार कार्यालयमा निहित रहनेछ ।
- लोगो अन्यत्रबाट नक्कन नगरिएको मौलिक हुनुपर्दछ ।
- प्रस्तावित लोगोको डिजाइन तोकिएका म्यादभित्र कार्यालयमा हार्डकपी र इ-कपी कार्यालयमा पेश गर्नुपर्नेछ ।
- लोगो कम्तिमा ३०० डि.फि.आई. भएको जे.पि.इ.जि. फर्मेटमा हुनुपर्नेछ ।

Balephi Rural Municipality
Office of the Municipal Executives
Invitation for Bids
Date of publication: 03th December, 2023)

1. **Balephi Rural Municipality**, **Office of the Rural Municipal Executive, Balephi, Sindhupalchok** invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding. Only eligible bidders should participate in this bidding.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents visit PPMO e- GP system www.bolpatra.gov.np/egp.
3. Office reserves the right to accept or reject any Bids without assigning any reasons whatsoever, other terms and conditions not covered here will be in accordance to PPA-063 (addendum 2077).

S.N	Contract ID No. / Description	Bid Security Amount (NRs)	Estimated Amount With VAT and ps	Last Date of Bid Submission	Bid opening Date
1.	BRM/NCB-05/2080-081 (Construction of Mankha Watersupply schemed	115000	4394375.08	12:00 *Hrs.* on *02th January 2024*	13:00 *Hrs.* on *02th January 2024*
2.	BRM/NCB-06/2080-081 (Tharthang khola adamara, Gurdum, kavre khanepani balephi 4, 5	87500	3380835.74	12:00 *Hrs.* on *02th January 2024*	13:00 *Hrs.* on *02th January 2024*
3.	BRM/NCB-07/2080-081 (Bramayeni khola jalabire bazar phedi nadi niyentran	125000	4901122.63	12:00 *Hrs.* on *02th January 2024*	13:00 *Hrs.* on *02th January 2024*
4.	BRM/NCB-08/2080-081 (Badarpa Puchar majagaun Sichai	125000	4883631.25	12:00 *Hrs.* on *02th January 2024*	13:00 *Hrs.* on *02th January 2024*

Chief Administrative Officer

Government of Nepal
Ministry of Agriculture and Livestock Development
Department of Livestock Services
Central Fisheries Promotion and Conservation Center
Natural Water Fisheries Promotion and Conservation Center
Hetauda, Makwanpur
Invitation for Bids
Date of Publication: 2080/08/17

1. Natural water fisheries promotion and conservation center, Hetauda, Makwanpur invites **e-bidding** from eligible bidders for the project mentioned below.

S. N.	Name of Project	Estimated amount (without vat, PS and Contingencies)	Bid Document Price (NRs.)	Bid Security (NRs.)
1	Construction of Rigid pavement, RCC Drain, RCC wall (NWFPCC/NCB/01/2080-081)	46,07,545.77	3000 /-	1,40,000 /-
2	Construction of Embankments and Pond Maintenance work (NWFPCC/NCB/02/2080-081)	49,99,826.58	3000 /-	1,50,000 /-

2. A complete set of Bid Document and related information can be downloaded from ***www.bolpatra.gov.np/egp***
3. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Office Chief

बाजुराका भूकम्पपीडित दुई महिनादेखि पालमुनि

१४ सय ६० घर पूर्ण रूपमा क्षति, तर सरकारले अहिलेसम्म पहिचान गर्न सकेन वास्तविक पीडितको तथ्यांक

बाजुरामा **गगन अयडी**

सरकारले दुई महिनादेखि बाजुराका भूकम्पपीडितहरूको उचित व्यवस्थापन गर्न नसक्दा उनीहरू खुला पालमुनि बस्दै आएका छन् । मंसिरको कठ्यांग्रिँदो चिसोका कारण बिरामीको संख्या दिनप्रतिदिन बढ्दै गएको छ ।

१६ असोजमा बझाङको तलकोट केन्द्रबिन्दु भएर गएको भूकम्पले बाजुरामा १४ सय ६० घर पूर्ण रूपमा क्षति भएको थियो । बाजुराका प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले भूकम्पपीडितहरूका लागि राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तत्काल अस्थायी आवास निर्माणका लागि १४ करोड रुपैयाँ निकासा गरेको जानकारी दिए । जिल्लाका नौवटा स्थानीय तहबाट क्षतिको यकिन विवरण आउन नसक्दा कुन पालिकामा कति रकम पठाउने भन्ने विषयमा अन्योल भएको उनको भनाइ छ । वास्तविक भूकम्पपीडित परिवारहरूको पहिचान गरी एक साताभित्र आवास निर्माणका लागि रकम पठाइसक्ने पौडेलले बताए । अहिलेसम्म पनि वास्तविक भूकम्पपीडितको पहिचान हुन नसक्नुमा वडा कार्यालय, राजनीतिक दल, स्थानीय सरकारका कर्मचारी र जनप्रतिनिधिहरू जिम्मेवारी रहेको उनले बताए । 'उनीहरूको कमजोरीका कारण अहिलेसम्म वास्तविक भूकम्पपीडितको पहिचान र यकीन तथ्यांक आउन सकेको छैन,' पौडेलले भने ।

भौगोलिक विकटता, यातायात तथा सञ्चारको असुविधा, राजनीतिक दलहरूकै कमजोरीका कारण जिल्ला विपत् व्यवस्थापन समितिमा चाँडो रिपोर्ट पठाउन नसकेको हिमाली गाउँपालिकाका अध्यक्ष गोविन्दबहादुर मल्लले बताए । हिमाली गाउँपालिकाको वडा १ विच्छयाँको गुम्बा जान गाउँपालिका कार्यालयबाट तीन दिन लाग्छ । मल्लले जिल्लाका नौवटै पालिकालाई प्रमुख जिल्ला अधिकारी तथा जिल्ला विपत् जोखिम न्यूनीकरण समितिका अध्यक्ष पौडेलले तीन दिनभित्र भूकम्पबाट क्षतिको विवरण पेस गर्न पत्र पठाएको बताए । जिल्ला प्रशासन कार्यालयमा शुक्रबार राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको बैठक बसेको थियो । बैठकले एक परिवारलाई अस्थायी आवास निर्माणका लागि ५० हजार रुपैयाँ दिने र पुसको पहिलो साताभित्र अस्थायी आवास निर्माण गर्ने निर्णय गरेको थियो । १६ असोजयता पटक-पटक आएको भूकम्पले पूर्ण घर क्षति भएका १४ सय ६० परिवार खुला आकाशमुनि रहँदै आएको जिल्ला प्रशासन कार्यालयको तथ्यांकले देखाएको छ ।

खप्तड छेडेदह गाउँपालिकामा नौ सय ९०, त्रिवेणी नगरपालिका एक सय १३, बडिमालिका नगरपालिकामा एक सय ९२, बुढीनन्दा नगरपालिकामा ६५, बुढीगंगामा २२, गौमूल गाउँपालिकामा २९, जगन्नाथ गाउँपालिकामा ३८, स्वामिकार्तिक गाउँपालिकामा नौ, हिमाली गाउँपालिकामा दुई गरी १४ सय ६० घरपरिवार पालमा बस्दै आएका छन् ।

नेपाल रेडक्रस सोसाइटी बाजुराले आठ सय त्रिपाल, आठ सय कमल, आठ सय भाँडाकुँडाका सेट वितरण गरेको छ । बाजुरामा सञ्चालित गैरसरकारी संस्था नामक उपहार नेपाल र नागरिक आवाज काठमाडौंको संयुक्त लगानीमा दुई लाखबराबरको खाद्यान्न वितरण गरिएको रेडक्रस सोसाइटी बाजुरा शाखा सभापति मेखराज जैसीले बताए । जिल्ला प्रशासन कार्यालय र स्थानीय तहहरूले पीडितहरूका लागि गरेको खर्चको विवरण खुलाउन सकेका छैनन् ।

खप्तड छेडेदह गाउँपालिका- ५ सिम्पाटा दलित टोलकी २३ वर्षीया बाटुली सार्की १२ महिने छोरा काखमा च्यापेर मंसिरको चिसोमा पालमुनि आगो ताप्दै बसिरहेकी छिन् । भूकम्पले कच्ची घर पूर्ण रूपमा क्षति भएपछि उपहार नेपाल र जिल्ला रेडक्रस सोसाइटीले दिएको त्रिपाल टाँगेर रात बिताइरहेको बताइन् । सार्कीका श्रीमान् राकेश सार्की भारतको कुमाउ गढवालमा कामको खोजीमा जाने तयारीमा छन् । चिसोले १२ महिने छोरी रेजिना बिरामी हुँदा अछामको बयालपाटा अस्पतालमा तीन दिनसम्म उपचार गराएर घर ल्याएको बाटुली सार्कीको भनाइ छ । चिकित्सकले रेजिनालाई चिसोले निमोनिया भएको बताएका छन् । भूकम्पले विस्थापित भएका ४५ परिवार खप्तड छेडेदह गाउँपालिका- ५ सिम्पाटामा बस्दै आएका छन् । उनीहरू राहतको पर्खाइमा छन् । सरकारले समयमै चिसो छल्न, न्यानो कपडा, खाद्यान्न र अस्थायी आवासको व्यवस्था गर्नुपर्ने उनीहरूको माग छ ।

खप्तड छेडेदह गाउँपालिका- ५ कै ५५ वर्षीय सुशीला सार्की दुई महिनादेखि छोराछोरी काखमा च्यापेर पालमुनि बसिरहे पनि तीन तहकै सरकारले कुनै चासो नदेखाएको गुनासो गरिन् । 'सरकारका मान्छे आउँछन् फोटो खिच्छन् जान्छन् । हामीलाई केही राहत दिँदैनन् । बालबालिका, वृद्धवृद्धा चिसोले प्रभावित भएका छन् । घरभित्र बसौं सुरक्षित छैन । उपहार नेपालले दिएको पाल र कम्बल ओढेर दिन बिताइरहेका छौं,' उनले भनिन् ।

भूकम्पले आफ्नो दुई तलाको कच्ची घर भत्काएको उनले बताइन् । सुशीला सार्कीका श्रीमान् जगत सार्की मजदुरीका लागि भारत गएका छन् । उनका तीन छोराछोरी छन् । भूकम्पले घर भत्काउँदा तीन लाखबराबरको अन्नबाली च्यापिएको उनको भनाइ छ । 'दुई महिनासम्म सरकार भूकम्पपीडितको बस्तीमा फर्केको छैन । चिसोले पालमुनि रात बिताउन निकै गाह्रो छ । रातभरि पालमुनि आगो तापेर कटाउँछौं,' सुशीलाले भनिन् ।

डोगढी स्वास्थ्यचौकीका इन्चार्ज दलबहादुर रावतले चिसोका कारण बिरामी भएर आउनेको संख्या केही समययता बढेको बताए । 'दिनमा करिब एक सयभन्दा बढी झाडापखाला, रुघाखोकी, ज्वरोजस्ता लक्षण भएका विरामी आउने गरेका छन्, जसमध्ये ६० प्रतिशत भूकम्पपीडित परिवारका मान्छेहरू छन्,' उनले भने । जटिलखाले बिरामीबाहेक अन्य सबैको स्वास्थ्यचौकीमै उपचार हुने गरेको उनले बताए ।

उपहार नेपालका कार्यक्रम जिल्ला संयोजक मानबहादुर रोकायाले भने तत्कालका लागि शान्ति भान्सा सञ्चालन गरे पनि अब पीडितहरूका लागि आवास निर्माण र न्यानो लुगाकपडा वितरण गर्ने गरी कार्यक्रम तयार पारिएको बताए । खप्तड छेडेदह गाउँपालिका स्वास्थ्य संयोजक नन्दबहादुर राउतले भने एक महिनायता बढी बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला बिरामी भएर आउने गरेको बताए । खप्तड छेडेदह गाउँपालिका स्वास्थ्य शाखा प्रमुख नन्दबहादुर रावतले भने चिसोका कारण भूकम्पपीडित परिवारका बालबालिका वृद्धवृद्धाहरू बढी मात्रामा प्रभावित भएको जनाकारी आएलगत्तै गाउँगाउँमा स्वास्थ्य शिविर सञ्चालन गरी औषधि पठाउने तयारी भइरहेको बताए ।

खप्तड छेडेदह गाउँपालिकाका अध्यक्ष दिलबहादुर रावतले भूकम्पबाट पालिकामा नौ सय ९० घर पूर्ण क्षति भएको बताए । उनले रेडक्रस सोसाइटीले सात सयवटा राहत त्रिपाल र कमल, उपहार नेपाल र नागरिक आवाज काठमाडौंले प्रतिपरिवारलाई पाँच केजी दाल, ३० केजी चामल, तीन पोका तेल, तीन पोका नुन, तीन केजी चिनी, चियापत्ती, लुगाधुने सोडा साबुनजस्ता सामग्री वितरण गरेको बताए ।

युनिसेफ, युएनएफपिएले उज्यालो नहुने परिवारका लागि सोलारबत्ती र डिग्निटी किट ७० सेट, किशोरी किट एक सय थान र एक सय थान त्रिपाल वितरण गरेका छन् । पहिलो चरण नौ सय ९० परिवारलाई तत्कालका लागि त्रिपाल पुगिसकेकाले दोस्रो चरणको राहत खाद्यान्न, न्यानो लुगाकपडा, विद्यार्थीहरूका लागि स्कुल ड्रेस, कापीकलमका लागि विभिन्न निकायसँग समन्वय गरी राहत संकलन गर्ने अभियानमा गाउँपालिका लागिपरेको अध्यक्ष रावतले बताए ।



१२ महिने छोरा काखमा च्यापेर मंसिरको चिसोमा पालमुनि आगो ताप्दै खप्तड छेडेदह गाउँपालिका- ५ सिम्पाटाकी २३ वर्षीया बाटुली सार्की ।



● **सुशीला सार्की,**
भूकम्पपीडित, खप्तड छेडेदह गाउँपालिका- ५

सरकारका मान्छे आउँछन् फोटो खिच्छन् जान्छन् । हामीलाई केही राहत दिँदैनन् । बालबालिका, वृद्धवृद्धा चिसोले प्रभावित भएका छन् । घरभित्र बसौं सुरक्षित छैन । दुई महिनासम्म सरकार भूकम्पपीडितको बस्तीमा फर्केको छैन । चिसोले पालमुनि रात बिताउन निकै गाह्रो छ । रातभरि पालमुनि आगो तापेर कटाउँछौं ।



● **भीमकान्त पौडेल**
प्रमुख जिल्ला अधिकारी, बाजुरा

तत्काल अस्थायी आवास निर्माणका लागि १४ करोड रुपैयाँ निकासा भइसकेको छ । स्थानीय तहबाट क्षतिको यकिन विवरण आउन नसक्दा कुन पालिकामा कति रकम पठाउने भन्ने विषयमा अन्योल भएको छ । सरोकारवाला निकायको कमजोरीका कारण अहिलेसम्म वास्तविक भूकम्पपीडितको पहिचान र यकिन तथ्यांक आउन सकेको छैन ।

इन्जिनियर कुट्ने ठेकेदार पक्राउ

कञ्चनपुर/ लालझाडी गाउँपालिकाका इन्जिनियर रामप्रसाद अवस्थीलाई कुटपिट गर्ने निर्माण व्यवसायी (ठेकेदार) भीम सेना राना पक्राउ परेका छन् । शुक्रबार रानालाई छलफलका लागि इप्रका कन्जमा बोलाएर नियन्त्रणमा लिएको उनको परिवारले जनाएको छ । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रकाश डाँगीले इन्जिनियर अवस्थीले निर्माण व्यवसायी रानाविरुद्ध अभद्र व्यवहारमा उजुरी दिएपछि छानबिनका लागि पक्राउ गरिएको बताए ।

गत सोमबार अवस्थीलाई ठेकेदार राना समूहले कुटपिट गरेको थियो । रानाको निर्माण कम्पनी कन्दकला कन्स्ट्रक्सन एन्ड सप्लायर्सले लालझाडी गाउँपालिका- २ कन्जमा सडक कालोपत्रेको ठेक्का पाएको थियो । ठेक्कामा गुणस्तहीन काम भएको भन्दै प्रश्न उठाएपछि आफूमाथि कुटपिट भएको इन्जिनियर अवस्थीले बताए । ठेकेदार रानाले भने आफूसँग डेढ लाख कमिसन मागेको र नदिएपछि दुःख दिँदै आएकाले धकेलाधकेल भएको बताए । कुटपिट प्रकरणपछि ठेकेदार रानाले इन्जिनियर अवस्थीविरुद्ध अख्तियारमा उजुरी र अवस्थीले रानाविरुद्ध प्रहरीमा उजुरी दिएका थिए । यो प्रकरण भएपछि कर्मचारी इन्जिनियरको पक्ष र जनता ठेकेदारको पक्षमा देखिएका छन् ।

रोजगारी सिर्जना गर्न नसक्ने अर्थव्यवस्था अहिलेको मुख्य समस्या : भुसाल

काठमाडौं/ एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालले रोजगारी सिर्जना गर्न नसक्ने अर्थव्यवस्था अहिलेको मुख्य समस्या भएको बताएका छन् । पुष्पलाल ज्ञानशालाले राजधानीमा शनिबार आयोजना गरेको 'नेपाली समाजको मुख्य अन्तर्विरोध' विषयक विचार गोष्ठीमा उनले रोजगारी हरेक क्षेत्रसँग जोडिएको बताए ।

'आजको अर्थव्यवस्थाले रोजगारी सिर्जना गर्दैन । यसबारेमा कम कुरा गरेर शास्त्रीय बहसमा गयौं भने समाधान निस्कँदैन,' उनले भने, 'रोजगारी मान्छे बन्ने-बनाउने प्रक्रिया पनि हो । विकास-अविकसित छुट्याउने पनि रोजगारी हो ।' भुसालले जीवनभन्दा बाहिर गएर मार्क्सवाद खोज्नेहरू इतिहासको पानामा सीमित हुने बताए । मार्क्सवादी विधिबाट बुझ्ने र बुझाउँदा समाजका अन्तर्विरोध पत्ता लाग्ने र समाधान गर्न सकिने उनले औंल्याए ।

'मार्क्सवादले सबैको मूल्यांकन गर्छ । आज मार्क्सवादीहरू धेरै कम छन् । हामी एमाले, माओवादी, समाजवादी भयौं, मार्क्सवादी भएनौं । नेपालमा पुँजीवाद र सामन्तवादको राम्रोसँग व्याख्या नै भएको छैन । हामीले विश्वास गरेका नेता नै दलाल पुँजीवादको खेलौना भए,' उनले भने । दलाल पुँजीवादले जहिल्यै शक्ति केन्द्रलाई प्रभावमा पार्ने गरेको उनले बताए । उनले नेतृत्वलाई गाली गरेर मात्रै युवा पुस्ताले औचित्य पुष्टि गर्न नसक्ने भन्दै भुसालले समस्याको समाधानका लागि मार्क्सवाद अध्ययन जरुरी रहेको औंल्याए । क्रान्तिकारी कम्युनिस्ट पार्टीका सचिवालय सदस्य परी थापाले नवउपनिवेश र अर्धसामन्ती अवस्था मुख्य समस्या भएको बताए । तथ्यका आधारमा सत्यमा आधारित भएर अगाडि बढ्नुपर्नेमा उनले जोड दिए । नेपालमा पुँजीवादको बाछिटा मात्रै आएको उनको भनाइ थियो ।

नेपाल समाजवादी पार्टीकी केन्द्रीय सदस्य मानुषी यमी भट्टराईले पुँजीवादको हाउगुजीले नेपाली राजनीतिलाई सताएको बताइन् । राजनीतिक रूपमा बुर्जुवा क्रान्ति सम्पन्न भए पनि आर्थिक रूपमा क्रान्ति सम्पन्न हुन बाँकी रहेको उनले औंलयाइन् । 'बुर्जुवा क्रान्ति पूरा गर्न कम्युनिस्टहरूले युद्ध लड्नुपऱ्यो । राजनीतिक रूपमा बुर्जुवा क्रान्ति सम्पन्न गरेर गणतन्त्रसम्म आइपुर्‍यौं । आर्थिक रूपमा क्रान्ति पूरा गर्न बाँकी नै छ,' उनले भनिन् । निजी स्वतन्त्रता र समानता सँगसँगै अगाडि बढाउनुपर्नेमा उनले जोड दिइन् । नेपाली राजनीतिमा सिद्धान्तमा अन्तर्विरोध र व्यवहारमा एकात्मक चिन्तन हाबी रहेको उनले औंल्याइन् ।

कार्यपत्र प्रस्तुत गर्दै राजनीतिक संवाद थालनीका संयोजक संगीत श्रोताले दलाल पुँजीवादी वर्ग र श्रमजीविवर्गसहितको शोषित-उत्पीडित नेपाली जनताबीचको अन्तर्विरोध मुख्य रहेको बताए । 'एकातिर दलाल पुँजीपति वर्ग छ, शासनसत्तामा । अर्कोतिर, त्यसको विरोधी पक्षको रूपमा मुख्यतः श्रमजीवि वर्गसहित नेपालको सम्पूर्ण शोषित उत्पीडित जनताको समूह छ,' उनले भने ।

सवारी दुर्घटनामा तीनको मृत्यु

भैरहवा/ रुपन्देही र काभ्रेमा भएका दुई सडक दुर्घटनामा तीनजनाको मृत्यु भएको छ । लुम्बिनी सांस्कृतिक नगरपालिका- ४ महुवारीमा स्कुल बसको ठक्करबाट दुईजनाको ज्यान गएको छ । एकजना गम्भीर घाइते भएका छन् । घटनामा मोटरसाइकलमा सवार लुम्बिनी सांस्कृतिक नगरपालिका- ४ का २१ वर्षीय मोहम्मद इर्साद र १६ वर्षीया रुविना खातुनको मृत्यु भएको प्रहरीले जनाएको छ । सोही ठाउँका १७ वर्षीया अप्सना खातुनको गम्भीर अवस्थामा भैरहवास्थित युनिभर्सल मेडिकल कलेजमा उपचार भइरहेको छ । त्यस्तै, काभ्रेको धुलिखेल- ११ पाल्लेखेतमा गाडीको ठक्करबाट शनिबार एकजनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय काभ्रेका सूचना अधिकारी डिएसपी राजकुमार श्रेष्ठका अनुसार धुलिखेल नगरपालिका- ११ पाल्लेखेतस्थित बिपी राजमार्गमा भकुन्डेबैंसीबाट काठमाडौंतर्फ आउँदै गरेको प्र १-०१-००१ च ८५९२ नम्बरको योदा गाडीले पैदलयात्री ५० वर्षीय यमुनाप्रसाद धितालेलाई ठक्कर दिँदा धुलिखेल अस्पतालमा उपचारको क्रममा उनको मृत्यु भएको हो ।

Global IME Bank Limited

Invitation for Bids for Supply of the Branch Firewall Device to Global IME Bank Limited

Date of publication: 3rd December, 2023

Global IME Bank Limited invites sealed bids from elegible bidders for the **Supply of Branch Firewall Device**

1. **Eligibility Criteria for the Bidders**
   a. The Bidder must be a firm/company/organization registered under applicable Act in Nepal.
   b. The bidder should submit Manufacture's Authorization Letter from the OEM
   c. The bidder should have at least 2 certified Engineer in their payroll
   d. The bidder should have at least 5 years of company registration
   e. The bidder should have work experience of providing similar branch firewall solution to at least 3 A Class Commercial Banks in Nepal
2. A complete set of Bidding Documents can be purchased from Global IME Bank Limited, General Service Department, Kamaladi Kathmandu by eligible Bidders upon payment of a non-refundable fee of NPR 10,000.00 [NPR Ten Thousand Only] till 1 P.M. on 10th December, 2023. Cash should be deposited in Account No.: 003700524005 (Other Income-Misc.)
3. Sealed bids must be submitted to Global IME Bank Limited, General Service Department, Kamaladi Kathmandu by hand/courier on or before 4:30 P.M on 10th December, 2023. Bids received after this deadline will not be accepted.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on 11th December, 2023 at Global IME Bank Limited, Corporate office.
5. Bids must be valid for a period of 90 Days from the date of bid opening and must be accompanied by a bid bond or cash deposit voucher amounting to a mínimum of 5% of the total bid amound (Including license/application cost). The bank has the right to extend the validity of BID as per requirement.
6. If the last date of purchasing and /or submission falls on a public holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Eligible Bidders may obtain further information from Global IME Bank Limited, General Service Department, Kamaladi, Kathmandu.
8. The Bank reserves the right to reject any or all bids without assigning any reasons whatsoever.

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

General Service Department
Kamaladi, Kathmandu
Tel: 01–4414541, 4437106, 4228671
Global Connect: 01-5970600

नागरिकता वितरण गर्न विकट गाउँगाउँमा पुगेर कागजात संकलन

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको धनगढीमाई नगरपालिका- १२ सिमलटोलकी ७८ वर्षीया रामसतीदेवी महतोले श्रीमान् रामेश्वर महतोको मृत्यु भएपछि छोराछोरीलाई हुर्काउने, घरव्यवहार हेर्ने जिम्मेवारीका कारण नागरिकता बनाउन पाइनन् । छोराछोरीको विवाह भएपछि दुईपटकसम्म नागरिकता बनाउन गए पनि 'उमेर बढी छ, छानबिन गर्नुपर्छ' भन्दै कर्मचारीले फर्काएपछि फेरि फर्केर गइनन् । 'गाउँमा आफ्नो उमेरका वृद्धवृद्धाहरूले सरकारले दिने सामाजिक सुरक्षा भत्ता रकम पाएको देख्दै आएकी थिएँ,' महतोले भनिन्, 'आफ्नो भने नागरिकता नै नहुँदा समस्यामा परेकाले गाउँमा प्रशासनको टोली आएको सुनेर आएकी हुँ ।'

जिल्लाकै विकट मानिने धनगढीमाई नगरपालिकाको उत्तरी सीमा १४ नम्बर वडाको सर्रे अम्बासमा शनिबार जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयको टोली पुगेपछि महतोजस्ता सयौं वृद्धवृद्धा, आपांगता भएका व्यक्ति, एकल महिलाले नागरिकताका लागि सनाखतसहितको कागजात बुझाए । धनगढीमाई नगरपालिका तथा लहानस्थित समग्र जनउत्थान केन्द्रको सहकार्यमा संस्थागत सुधारमार्फत न्यायमा पहुँच अभिवृद्धि परियोजना २ अन्तर्गत शनिबार सर्रे अम्बासमा वडा नम्बर १२ , १३ र १४ नम्बर वडाका सेवाग्राहीका लागि आयोजित 'नागरिकतामा पहुँच अभिवृद्धि' कार्यक्रममा विभिन्न कारणले नागरिकता बनाउन नसकेका व्यक्तिहरूले नागरिकताका लागि निवेदन दिएका हुन् ।

नागरिकता बनाउन आवश्यक सनाखत, सर्जमिन मुचुल्कासहितको कागजात संकलन, जाँच र रुजु गर्न लहानस्थित इलाका प्रशासन कार्यालयका प्रमुख उपसचिव लीलाकान्त पौडेलको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय सिराहाका प्रशासकीय अधिकृत भवेशकुमार झासहितको कर्मचारीहरूको टोली खटिएको थियो ।

नागरिकताका लागि सनाखतसहितको कागजात तीनवटै वडाका एक सय ४६ जनाले बुझाएको प्रमुख पौडेलले जानकारी दिए । उनका अनुसार १२ नं. वडाका ४५, १३ नं. का १३ र १४ नं. का ८८ गरी एक सय ४६ जनाले नागरिकताका लागि बुझाएको कागजात रुजुसमेत गरिएको छ । 'संकलित कागजातको आधारमा कार्यक्रमस्थलमै नागरिकता दिन सकिन्थ्यो, तर ढड्डा बोक्नुपर्ने, अनलाइन दर्ता गर्नुपर्ने र नागरिकता प्रिन्ट गर्न प्राविधिक समस्या भयो,' उनले भने, 'सनाखतसहितको कागजातको आधारमा प्रक्रिया पुऱ्याएर नागरिकता तयार गरी मंसिर मसान्तसम्म गाउँमै हस्तान्तरण गर्ने योजना छ ।'

नेपालको संविधानमा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने अधिकारबाट वञ्चित नगरिने व्यवस्था गरिएको छ । विद्यमान कानुनी व्यवस्थाअनुसार नागरिकताबाहेक व्यक्तिको नागरिकताले आफ्नो वंशका आफन्तसहित पत्नी, सन्ततिको नागरिकता बन्ने आधार खडा गर्छ, तर पुस्तौंदेखि पुर्खाको थातथलोमै बस्दै आएका मुसहरहरू नागरिकतताविहीन अवस्थामा छन् ।

केन्द्रका अनुसार चार वर्षअघिसम्म धनगढीमाई नगरपालिकाको ३, ६, ९, ११ र १२ गरी पाँचवटा वडाका नौवटा टोलबस्तीमा बसोवास गर्दै आएका दुई सय १२ घरधुरी मुसहर घरघुरीका १८ वर्षमाथिका कुल ६ सय ६७ जनसंख्यामध्ये ३६ प्रतित अर्थात् दुई सय ३८ जनाले नागरिकता नपाएको केन्द्रले जनाएको छ ।

धनगढीमाई नगरकी उपप्रमुख संगीता चौधरी भन्छिन्, 'मजदुरी गरेर जीविका धान्ने मुसहर समुदाय नागरिकताका लागि चाहिने कागजात जुटाउन मजदुरी नै छोड्नुपर्ने र चार पाँच पुस्तासम्म नागरिकता नै नहुने भएकाले आवश्यक प्रमाण जुटाउन सक्दैनन् । दौडधुप गरेर प्रमाण जुटाएकाहरूले पनि इलाका प्रशासनसम्म आवत जावत गर्न आर्थिक रूपमा कठिनाइ झेल्नुपर्दा एकाधपल्टको प्रयास गरेर त्यतिकै छोड्ने भएकाले गाउँमै नागरिकताका लागि प्रयास गरिएको हो ।'

अप्ठ्यारोमा अपांगता भएकी युवती

धनगढीमाई नगरपालिका- १२ असारी बजारकी करिब २३ वर्षीया विमला लामा प्यारालाइसिस भएर खुट्टा नचल्दा हिँड्डुल गर्न सक्दिनन् । कृष्णबहादुर घलान र कौशिल्या लामाकी जेठी छोरी विमला खुट्टा नै नचल्ने भएपछि पढ्न त पाइनन् नै, नागरिकता नबन्दा सामाजिक सुरक्षा भत्ताबाट समेत वञ्चित भएपछि आमासँग टेम्पो चढेर नागरिकता बन्ने आसमा सर्रे अम्बास पुगिन् ।

बाबु र आमा दुवैको नागरिकता नभएकाले जन्मदर्तासमेत नहुँदा उनको कागजात नै तयार नभएपछि अरूले फारम भरेको टुलुटुलु हेरिरहेकी थिइन् । 'करिब १५ वर्षअघि मकवानपुरतिरबाट बसाइँ सरेर आएका हौं, श्रीमान्को समेत नागरिकता नहुँदा हिँडडुलसमेत गर्न नसक्ने जेठी छोरीको कागजात नै तयार भएन,' कोशिल्याले दुखेसो पोखिन् । धनगढीमाई-१३ का वडाध्यक्ष सूर्यमान तामाङले कुनै कागजात प्रमाण नभएका, तर वर्षौंदेखि वडा क्षेत्रमा बसिरहेकाहरूको हकमा नागरिकताका लागि प्रयास गरिने बताए ।

लैंगिक हिंसाविरुद्धको अभियान र दलित महिलाको सवाल

दलित महिलामाथि हुने हिंसा तथा विभेद दलित महिलाको मात्र नभई समग्र समाजकै गम्भीर समस्या हो



● मेघराज शंकर

अग्रलेख



यही ९ मंसिरदेखि देशव्यापी रूपमा लैंगिक हिंसाविरुद्धको सोह्रदिने अभियान चलिरहेको छ। नेपालको संविधानले लैंगिक विभेदलगायत सबै प्रकारका विभेद र जातीय छुवाछुत अन्त्य गरी समतामूलक समाज निर्माण गर्ने संकल्प गरेको छ। लैंगिक हिंसा बहुआयामिक हुने भएकाले यसविरुद्धको अभियानलाई दलित महिलाले भोग्ने गरेको जातीय विभेद तथा छुवाछुतबाट सिर्जित हिंसाको दृष्टिकोणबाट समेत समेट्नु आवश्यक छ।

सार्वजनिक वा निजी जीवनमा लिंगका आधारमा शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउने वा पुऱ्याउने सम्भावना हुने हिंसाजन्य कार्य लैंगिक हिंसा हो। नेपालको सन्दर्भमा जबर्जस्ती करणी, बाल यौन दुर्व्यवहार, अप्राकृतिक मैथुन, अपहरण तथा जबर्जस्ती करणी, जबर्जस्ती करणी गरी कर्तव्य ज्यान लिने, मानव बेचबिखन तथा जबर्जस्ती करणी, बहुविवाह, बालविवाह, घरेलु हिंसा, बोक्सीको आरोप, अवैध गर्भपतन र तेजाब प्रहारलगायत लैंगिक हिंसा हुने गरेका छन्। यस्ता घटना समग्रमा लैंगिक आधारमा हुने भए पनि दलित भएकै कारण दलित महिलामाथि लैंगिक हिंसा हुने गरेको छ। गाउँघर निकाला गर्ने, निजी वा सार्वजनिक कुनै पनि स्थानमा प्रवेशमा रोक लगाउने, धार्मिक कार्य गर्नबाट वञ्चित गर्ने-गराउने, कुनै सार्वजनिक समारोह आयोजना गरेर त्यस्ता समारोहमा उपस्थित हुन बन्देज लगाउने, कुनै पेसा व्यवसाय गर्न रोक लगाउने, जातीय भेदभाव तथा छुवाछुत हुने कार्य गर्ने-गराउने, जातका आधारमा पारिश्रमिकमा फरक गर्ने कार्यलाई जातीय भेदभाव तथा छुवाछुत कसुर र सजाय ऐनले अपराध मानेको छ। समग्रमा लैंगिक आधारमा हुने हिंसाका अतिरिक्त दलित महिला जातीय भेदभावका आधारमा हुने यस प्रकारका हिंसामा समेत पर्ने गरेका छन्। यसका साथै दलितलाई लामो समयदेखि जातीय उत्पीडन, विभेद र बहिष्करणमा पारिएकाले धेरै दलितमा गरिबी, अशिक्षा तथा हानिकारक सामाजिक संस्कारको अभ्यास कायम छ। त्यसैले, घरपरिवारबाटै हुने हिंसासमेत अन्यको तुलनामा दलित महिलाले बढी खेप्नुपरेको छ। दलित महिलाले लिंग, जात र वर्गका आधारमा हुने त्रिपक्षीय हिंसाको सिकार हुनुपरेको छ। तसर्थ, दलित महिलामाथि हुने हिंसाको पहिचान, अभिलेखीकरण र न्यायिक निरुपण गर्न विशेष नीति अपनाउनु आवश्यक छ। यसमा मुख्य गरेर चारवटा कारण छन्।

पहिलो, सामाजका अन्य समुदायका तुलनामा दलित समुदायको आर्थिक तथा सामाजिक अवस्था कमजोर छ। लैंगिक हिंसा बलियाले कमजोरलाई वा शक्तिशालीले शक्तिहीनलाई वा हेप्न सक्नेलाई गर्न सक्ने भएकाले दलित समुदायको कमजोर अवस्थाको फाइदा उठाएर विभिन्न डरधम्की र प्रलोभन देखाएर लैंगिक हिंसा हुने गरेका छन्। वर्षौंदेखि दलित समुदायमाथि सामाजको माथिल्लो वर्ग वा जातिबाट जातीय छुवाछुत तथा विभेद हुँदै आएकाले दलित महिलामाथि लैंगिक हिंसा गर्ने सो वर्ग वा जातिका आपराधिक सोचका व्यक्तिलाई स्वतः आत्मबल प्राप्त हुन्छ। अर्कातर्फ सामाजिक दबाबका कारण दलित महिलाले आफूमाथि भएको हिंसा सार्वजनिक गर्न सक्ने सुरक्षित वातावरण छैन। यसले गर्दा कतिपय हिंसाका घटना बाहिर आउनै सकेका छैनन् वा सामाजिक दबाबका कारण सामान्य झैझगडाका रूपमा मिलापत्र गराउने र सामसुम पार्ने गरिएको छ।

दोस्रो, राज्यसत्तामा दलित तथा सीमान्तकृत समुदायको पहुँच अझै न्यून छ। दलित महिलामाथि हुने लैंगिक हिंसाको प्रशासनिक तथा न्यायिक निरुपणका लागि पनि निकै जोडबल गर्दा मात्र प्रक्रिया अगाडि बढेका धेरै घटना छन्। यसो हुनुमा समाजको शक्तिशाली वर्ग तथा समुदायले उनीहरूलाई न्याय प्राप्तिका लागि प्रशासन तथा न्यायालयसम्म जानबाट रोक्न डरधम्की दिने गर्छन्। सामाजिक दबाबका कारण कतिपय अवस्थामा पीडित महिलाले नै आफ्नो थातवास छाडेर हिँड्नुपरेको पनि छ। यसका साथै कानुन कार्यान्वयनमा बस्नेहरूमा दलित महिलाले भोगेको मनोवैज्ञानिक तथा सामाजिक हिंसालाई हिंसा नै नठान्ने प्रवृत्ति पनि छ। जस्तै- दलित भएकै कारण कोठा भाडामा नदिँदा किन उजुरी गरेको होला, अर्को घरमा पाइहालिन्थ्यो। धारा तथा इनारमा पानी भर्न जाँदा किन सँगै जानुपरेको, एकछिन पछि भर्दा पनि हुन्थ्यो भन्ने सोच भएका व्यक्ति पनि कानुन कार्यान्वयन गर्ने निकायमा नभएका होइनन्। यस प्रकारको सोच तथा अभ्यासले गर्दा जातीय छुवाछुतविरुद्ध बनेका कानुनको कार्यान्वयन फितलो हुने र दलित महिलाले लैंगिक हिंसाविरुद्ध न्याय पाउने सवालमा हैरानी व्यहोर्नुपर्ने अवस्था छ।

तेस्रो, विभेदपूर्ण सामाजिक मान्यता तथा हानिकारक सामाजिक अभ्यासको असर पनि सीमान्तकृत महिला, त्यसमा पनि दलित महिलालाई नै बढी पर्ने गरेको छ। मन्दिरमा पूजाआजा गर्नेलगायत जातीय छुवाछुत तथा भेदभाव दलित पुरुषभन्दा महिलाले नै भोग्नुपरिरहेको छ। अन्तर्जातीय विवाहका कारण कैयौं दलित युवाले ज्यान गुमाइरहेका छन्। गैरदलितसँग विवाह गर्ने दलित महिला घर र समाजबाट बहिष्कृत भएर बस्नुपरेको र कतिपयमाथि कुटपिट र हत्यासमेत हुने गरेको छ। गैरदलितसँग भएको विवाहको असर दलित महिलामा मात्र नभएर बालबालिकामा समेत पर्ने गरेको छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐनअनुसार बाबु वा आमा सूचक बनेर बच्चाको जन्मदर्ता गर्न सकिन्छ। तर, बाबुको पहिचान भएको अवस्थामा बच्चाको स्थायी ठेगाना बाबुकै ठेगाना कायम हुने हुँदा बाबु वा बाबुको परिवारबाट बहिष्कार भएर अन्य स्थानमा बसोवास गरेका दलित महिला र त्यस्ता बच्चालाई कानुनी तथा प्रशासनिक प्रक्रियामा कानुनी समस्या हुने गरेको छ। बाबुले अस्वीकार गरेको कारणले अन्तर्जातीय विवाह गर्ने कतिपय दलित महिलाका सन्तानले जन्मदर्ता, नागरिकतालगायत कानुनी पहिचानसमेत पाउन सकिरहेका छैनन्।

> लामो समयदेखि जातीय उत्पीडन, विभेद र बहिष्करणमा पारिएकाले धेरै दलितमा गरिबी, अशिक्षा तथा हानिकारक सामाजिक संस्कारको अभ्यास कायम छ। त्यसैले, घरपरिवारबाटै हुने हिंसासमेत दलित महिलाले बढी खेप्नुपरेको छ।

बादी समुदायका महिलाले केही वर्षअघि सिंहदरबार गेटमा गरेको दबाबमूलक आन्दोलनका कारण बादी समुदायका महिलाका सन्तानको नागरिकतालगायत कानुनी पहिचानबारे नेपाल सरकारले छुट्टै निर्णय गरेको भए पनि समग्रमा अन्तर्जातीय वैवाहिक सम्बन्धका कारण हिंसामा परेका दलित महिलाको समस्या जटिल बन्ने गरेको छ।

चौथो, नेपालमा लैंगिक असमानता विभेद तथा उत्पीडनविरुद्ध लामो समयदेखि चलिआएको मूलधारको महिला आन्दोलनले दलित तथा सीमान्तकृत समुदायका महिलाको समस्यालाई विशेष रूपले आत्मसात् गरेको छैन। त्यसैले लैंगिक विभेदको सोलोडोलो बुझाइ र अभ्यासले मात्र दलित महिलाको समस्या सम्बोधन गर्न सम्भव हुँदैन। यसका लागि दलित महिलामाथि हुने विभेदको तथ्यांक संकलन गर्ने, कानुनमार्फत सम्बोधन गर्ने र मर्मअनुसार कार्यान्वय गर्ने वातावरण निर्माण गर्न दलित महिलामाथि हुने हिंसालाई विशेष रूपले सम्बोधन गर्नु जरुरी छ।

हाल नेपाल सरकारले जातीय तथा लैंगिक विभेदविरुद्धका विभिन्न अन्तर्राष्ट्रिय कानुनमा प्रतिबद्धता जनाएको छ। संयुक्त राष्ट्रसंघले जारी गरेको प्रमुख नौवटा महासन्धिमध्ये नेपालले सातवटा महासन्धिमा हस्ताक्षर गरेको छ भने ३९ वटा मानवअधिकारसम्बन्धी कानुनको नेपाल सरकार पक्षराष्ट्र हो। साथै, उसले संविधान र राष्ट्रिय कानुनमार्फत पनि दलित तथा सीमान्तकृतका सवाल सम्बोधन गरेको छ। नेपालको संविधानले जातीय छुवाछुतलाई दण्डनीय अपराधका रूपमा स्विकारेको छ। जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन ०६८, प्रधानमन्त्रीको संयोजकत्वमा रहेको जातीय भेदभाव तथा छुवाछुत अन्त्य तथा दलितहरूको अधिकार प्रवर्द्धन संयन्त्र ०६८ र मुख्यसचिवको संयोजकत्वमा निर्देशक समिति अस्तित्वमा रहेका छन्। विषयगत मन्त्रालय, प्रदेश र स्थानीय तहहरूले पनि वार्षिक नीति तथा कार्यक्रममा दलितलक्षित कार्यक्रम समावेश गरेका छन्। संवैधानिक व्यवस्थाको परिपालन गर्नुपर्ने र अन्तर्राष्ट्रिय कानुन कार्यान्वयन गर्नुपर्ने बाध्यताले यस प्रकारका कार्यक्रम सञ्चालन भए पनि कार्यान्वयनको पक्ष प्रभावकारी हुन सकेको छैन। त्यसैले दलित महिला तथा सीमान्तकृत महिलाका सवाल महिला अधिकार तथा महिलाविरुद्ध हुने सबै प्रकारका विभेद र हिंसाको अन्त्य गर्ने कार्यक्रममा मूलप्रवाहीकरण गरेर अगाडि बढ्नु आवश्यक छ।

यसमा सरकारको एक्लो प्रयास मात्र नभएर जात व्यवस्थाले निर्माण गरेको संचरनागत विभेद तथा प्रचलित हानिकारक प्रथाविरुद्ध दलित महिलाले लामो समयदेखि आवाज उठाउँदै आएका छन्। यसमा केही प्रगतिशील गैरदलितले साथ दिएका छन्। विभिन्न समयमा भएका जनयुद्ध तथा जनआन्दोलनमा दलितको सहभागिता तथा उक्त राजनीतिक आन्दोलनले सुनिश्चित गरेको दलित अधिकारको परिणामस्वरूप नै हाल सरकारले अवलम्बन गरेको दलितमुखी नीति हो। महिला हिंसाविरुद्धको अभियानमा समेत यस प्रकारको आन्दोलन र अभियानले सरकारलाई दलित महिलाका सवाल आत्मसात गर्न र तथ्यमा आधारित दलितमुखी नीति-निर्माण गर्न सहयोग गर्छ।

दलित महिलामाथि हुने हिंसा तथा विभेद दलित महिलाको मात्र नभई समग्र समाजकै गम्भीर समस्या हो। साथै, संविधानले परिकल्पना गरेको समतामूलक समाज निर्माण गर्ने कार्यको बाधक हो भन्ने विषय सबै सरोकारवाला निकायले मनन गरी दलित महिलामाथि हुने सबै प्रकारका विभेद र हिंसा अन्त्य गर्न अग्रसर हुनु आवश्यक छ। यस प्रकारको कार्यले कुनै एक समुदायलाई मात्र फाइदा नभएर समग्रमा संविधानको कार्यान्वयन, दिगो विकासको सुनिश्चितता र विकासका अन्य लक्ष्य पूरा गर्ने कार्यमा सहयोग पुग्छ।

(शंकर नेपाल सरकारका अधिकृत हुन्)

---

३ प्रश्न



राजनीतिक विश्लेषक **गेजा शर्मा वाग्लेलाई**

■ कांग्रेस महासमिति बैठकको एजेन्डा कस्तो बन्नुपर्छ ?

आसन्न महासमिति बैठकमार्फत सैद्धान्तिक, वैचारिक र सांगठनिक सबै दृष्टिले जनता र कार्यकर्तामा आशाको सन्देश प्रवाह गर्ने ठोस दस्ताबेज आउनुपर्छ। सैद्धान्तिक, वैचारिक र सांगठनिक सबै दृष्टिले कांग्रेसलाई दिशानिर्देश गर्नुपर्ने घडी भएकाले दस्ताबेज तयार गर्ने जिम्मेवारी पाउनुभएका उपसभापति पूर्णबहादुर खड्का र महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले गम्भीर गृहकार्य गरेर ठोस दस्ताबेज पेस गर्न सक्नुपर्छ। अहिले एकातिर कांग्रेसको विचार, सिद्धान्त र भविष्यमाथि प्रश्न उठिरहेको छ भने अर्कातिर नयाँ पार्टी, प्रवृत्ति र पात्रहरू उदय भएको परिदृश्यमा जनताको मन जित्ने भिजनसहितको थप उदार, लोकतान्त्रिक, प्रगतिशील, जनमुखी र रूपान्तरणकारी नीति तथा कार्यक्रम आवश्यक छ। यस्तो नीति तथा कार्यक्रम आयो भने मात्र कांग्रेसले नयाँ जीवन पाउन सक्छ।

■ महाधिवेशनको क्यालेन्डर प्रस्ताव गर्ने महामन्त्रीद्वयको प्रयास कस्तो छ ?

परम्परागत कांग्रेसलाई सुधार र रुपान्तरण गर्ने संकल्पसाथ विगत महाधिवेशनबाट महामन्त्रीमा निर्वाचित भएकाले गत साउनको केन्द्रीय समिति बैठकबाट वार्षिक सांगठनिक क्यालेन्डर पारित भएर अहिले कार्यान्वयनको चरणमा छ। आसन्न महासमिति बैठकमार्फत १५औं महाधिवेशनको बाँकी अवधिका लागि संगठनसम्बन्धी कार्यतालिकासहितको क्यालेन्डर तय गर्नु सकारात्मक हो।

■ महासमितिका लागि अहिलेसम्मको तयारी कस्तो देखिन्छ ?

पार्टी-संगठन परिचालनका दृष्टिले त्यसले कांग्रेसलाई नयाँ जीवन दिनेछ। कार्यतालिकासहितको क्यालेन्डर तय गरी पार्टी-संगठन परिचालन गर्ने हालसम्म अभ्यास थिएन। गगनजी र विश्वजी महामन्त्री भएपछि यो अभ्यास प्रारम्भ भएको छ। मृतप्रायः कांग्रेसको संगठन प्रणालीलाई यसले क्रियाशील र गतिशील बनाएको छ।

प्रेरक प्रसंग

दुई जोडी पदचिह्न

जन्मको ठीकअघि एक बालक भगवान्सित गुनासो गर्छन्- प्रभु, म नयाँ जन्म लिएर पृथ्वीमा जान चाहन्नँ, त्यहाँ खराब मानिस बस्छन्। भगवान्ले स्नेहपूर्वक सृष्टिको नियमअनुसार नयाँ जन्मको महत्त्व बताएर सम्झाएपछि बालक नयाँ जन्मका लागि तयार भए।

बालकले भने- ठीक छ प्रभु, हजुरको यही इच्छा छ भने म मृत्युलोक जान तयार छु। तर, हजुरले मलाई एउटा वचन दिनुपर्छ। भगवान्ले भने- भन पुत्र, तिमी के चाहन्छौ ? बालकले भने- म जबसम्म पृथ्वीमा रहन्छु, एकछिन पनि हजुरले मेरो साथ छाड्न पाउनुहुन्न। भगवान्ले आफूले त्यस्तै गर्ने वचन दिए। बालकले भने- तर, पृथ्वीमा त हजुर अदृश्य हुनुहुन्छ। मैले हजुर मेरै साथमा हुनुहुन्छ भनेर कसरी थाहा पाउन सक्छु त ? भगवान्ले हाँस्दै जवाफ दिए- जब-जब तिमीले आफ्ना आँखा बन्द गर्नेछौ, तब-तब दुई जोडी पदचिह्न देख्नेछौ। तिनलाई देखेपछि म तिम्रो साथमै छु भन्ने सम्झनू।

बालकको पृथ्वीमा जन्म भयो। केही समयमै उनी सांसारिक व्यवहारमा फसे। जसले गर्दा भगवान्सित भएको वार्तालाप भुले। जब उनी मृत्युको नजिक पुगे तब मात्र भगवान्ले आफूलाई दिएको वचन सम्झिए। भगवान्को वचन परीक्षण गर्न उनी केहीबेर आँखा बन्द गरेर आफ्नो जीवनको स्मरण गर्न लागे। उनले जन्मको समयदेखि नै दुईजोडी पदचिह्न देखे। तर, जब-जब उनी आफ्नो सबैभन्दा कठिन समयमा थिए, तब उनले एकजोडी पदचिह्न मात्र देखे।

यो देख्दा उनी निकै दुःखी भए। दुःखको समयमा आफ्नो वचन पूरा गर्नुको साटो भगवान्ले उनलाई एक्लै छाडिदिएछन् भन्ने सोचेर उनी भगवान्सित रुष्ट भए। मृत्युपश्चात् उनी भगवान्सामु पुगे र रिसाउँदै भने- प्रभु ! हजुरले हरक्षण मेरो साथमा रहने वचन दिनुभएको थियो, तर संकटको समयमा त मेरो साथ छाडिदिनुभएछ। संकटको समयमा मैले एकजोडी पदचिह्न मात्र देखें। यसरी मलाई किन एक्लै छाडिदिनुभयो ?

भगवान्ले मुस्कुराउँदै भने- पुत्र, जब तिमी गम्भीर संकटमा थियौ, त्यतिखेर मेरो हृदय निकै द्रवित भयो। अनि, मैले तिमीलाई आफ्नो काखमा उठाएँ। त्यसैले, तिमीले मेरो एकजोडी पदचिह्न मात्र देखेका हौ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

ठूलालाई चैन हुने त होइन ?

नक्कली शरणार्थी प्रकरणमा उच्च अदालतको आदेशले ठूलालाई चैन हुने त होइन भन्ने आशंका जन्मिएको छ। 'हाई प्रोफाइल' भनिएका अधिकांश अभियुक्त पुर्पक्षका लागि थुनामै रहने भए पनि कांग्रेस नेता बालकृष्ण खाणबारे भने संयुक्त इजलासका दुईजना न्यायाधीशबीच धरौटीमा छाड्ने कि थुनामै राखेर पूर्पक्ष गर्ने भन्ने विषयमा मत बाझिएको देखियो। तर, यसमा यसरी मत बाझिनुमा पनि कतै राजनीतिक दबाबले काम गरेको त छैन भन्ने आशंका यतिखेर उब्जिएको छ। त्यसैले, न्यायिक प्रकरणमा सानालाई ऐन र ठूलालाई चैन भन्ने कथन सार्थक हुने त होइन भन्ने प्रश्न यतिखेर सर्वत्र उठिरहेको छ।

● **गोपाल खाती,** बबरमहल, काठमाडौं

थापाले ठीक भने

अर्थ तथा परराष्ट्र मामिलाविज्ञ डा. भेषबहादुर थापाले भनेजस्तै यतिखेर मानिसहरूले हिजो राजतन्त्रमा सबै ठीक थियो र आज गणतन्त्रमा सबै भताभुंग भयो भन्नु सरासर गलत हो। साथै, हिजो केही भएकै थिएन र आजचाहिँ चमत्कार भइरहेको छ भन्ने सोच पनि गलत नै हो। हिजो बिग्रिएको पनि व्यवस्थाले भन्दा व्यक्तिले गर्दा नै हो र आज जे-जति बिग्रिएको छ, त्यो पनि व्यक्तिकै कारण हो, व्यवस्थाका कारण होइन।

● **गौरिका मादेन**
महाङ्काल, काठमाडौं

हात्ती नियन्त्रण गर्ने कसले ?

'गाउँमा हात्ती पस्न थालेपछि बाली भित्र्याउनै मुस्किल' शीर्षकको समाचार पढेपछि केही लेख्न मन लाग्यो। हात्ती, बँदेल, दुम्सीजस्ता जंगली जनावरबाट बालीनाली जोगाउन स्थानीयले ज्यानै गुमाउनुपर्ने हो ? के यसमा तीन तहमा बसेर जनताबाट कर असुल्ने राज्यले चाहिँ केही पहल गर्नुपर्दैन ? के स्थानीयवासीले रातभर नसुती-नसुती थाल ठटाएरै भगाउनुपर्ने हो हात्ती ? के यसमा राज्यको कुनै भूमिका हुन सक्दैन ? यसबारे राज्यका हर्ताकर्ताले गम्भीर भई सोचौं।

● **पुण्य सुवेदी**
विराटनगर-५, मोरङ

शरणार्थी प्रकरणमा दोहोरो नीति

देशकै प्रतिष्ठासँग जोडिएको बहुप्रतीक्षित भुटानी शरणार्थी काण्डमा मुछिएका केही अभियुक्त थुनामै र केहीले घरौटी र सामान्य तारेखमा बसी मुद्दा पूर्पक्ष गर्ने अवसर पाएका छन्। तर, तीमध्ये सर्वाधिक चासोसाथ हेरिएका पूर्वगृहमन्त्री तथा कांग्रेस नेता बालकृष्ण खाणको हकमा भने दुई न्यायाधीशको मत बाझिएकाले थुनामै राख्ने कि घरौटीमा छाड्ने भन्नेबारे कुनै आदेश हुन सकेन। अब अदालतको नियमअनुसार खाणलाई थुनामै राखेर वा घरौटीमा छाडेर मुद्दा पूर्पक्ष गर्न दिने भन्ने विषय तेस्रो न्यायाधीशको हातमा पुगेको छ। तेस्रो न्यायाधीशले अहिले आदेश गर्ने न्यायाधीशमध्ये जसको आदेशमा मोहर लगाउँछन्, सोही आदेश बहुमतको मानिने कानुनी प्रावधान भएकाले तेस्रो न्यायाधीशले के गर्छन् भन्ने विषयमा तीन करोड नेपालीले मात्र होइन, यस प्रकरणमा प्रत्यक्ष सरोकार राख्ने अमेरिका, भुटानलगायत मुलुकले पनि चासोसाथ हेरिरहेका छन्।

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने कार्य अमेरिकी सरकारको नजरमा पनि गम्भीर अपराध हो। अहिले यो मुद्दाको अन्तिम फैसला भएको होइन। केवल मुद्दामा थुनामा बसेर वा घरौटीमा रहेर पूर्पक्ष गर्ने भन्नेबारे मात्र आदेश भएको हो। जिल्ला अदालतले अभियुक्त बनाइएका सबैलाई पूर्पक्षका लागि थुनामै पठाउने आदेश गरेको थियो। जसलाई अहिले उच्च अदालत पाटनले आंशिक परिवर्तन गरेको मात्र हो। यथार्थमा यस प्रकरणमा न्यायालयले दोहोरो मापदण्ड अपनाएको देखिन्छ। यसमा कतै राजनीतिको छाया परेको त छैन नि ?

● **गोपाल देवकोटा,** गोकर्णेश्वर-८, जोरपाटी
gopaldevkota@nayapatrikadaily.com

'विश्वगुरु'को आफ्नै प्रोपगान्डामा विश्वस्त भारत

भ्रममा बाँच्नु र आफ्नै प्रोपगान्डामा विश्वास गर्नुको सट्टा प्रोपगान्डा र यथार्थबीचको भिन्नताबारे जानकार हुनु राष्ट्रिय स्वार्थअनुकूल हुनु हो



देश/विदेश

● सञ्जय बरु

'स्वदेशी क्षमतामा' बनेको तेजस लडाकु विमानबाट प्रधानमन्त्री मोदी नाटकीय ढंगले ओर्लनुले सरकारको अतिरञ्जित विश्वव्यापी प्रभावलाई प्रतिबिम्बित गर्छ। स्वदेशी भए पनि तेजस अझै पनि पूर्ण रूपमा सञ्चालनमा आउन योग्य भइसकेको छैन, अर्थात् अझै पनि भारतीय वायुसेना आयातीत विमानमै भर परिरहेको छ। घरेलु राजनीतिमा देखावटी आडम्बर सामान्य हो, तर यसले राष्ट्रिय शक्ति प्रक्षेपणमा प्रभावकारी योगदान गर्दैन। भारतका शत्रु मुलुकलाई हाम्रो मुलुकको सशस्त्र बलको आयात निर्भरताबारे जानकारी छ। रक्षा 'आत्मनिर्भरता' प्रवर्द्धनका लागि सरकारले बिल्कुल जस लिन पाउँछ, तर जनतामाझ भ्रम छर्दै गर्दा नेतृत्व आफ्नै प्रोपगान्डामा विश्वास गर्ने जोखिममा पर्छ।

यस्तै जोखिम क्यानडा र हालै अमेरिकामा भारत सरकार संलग्न हत्या एवं हत्या षड्यन्त्रका आरोप सतहमा आउँदा देखिएको छ। के भारतका सुरक्षा व्यवस्थापकले हत्या षड्यन्त्र रचेर सजिलै जोगिन्छौं भन्ने ठानेका हुन् ? के राजनीतिक नेतृत्वलाई यस्ता हत्या षड्यन्त्रबारे जानकारी थियो ? वा, राजनीतिक नेतृत्वलाई यस मामिलामा गलत सुझाव दिइएको थियो ?

पार्टीका नेता, प्रोपगान्डाकारी र सरकारका चाकरबाहेकका थिंक ट्यांक र मिडियाका भूराजनीतिक विश्लेषकले पनि भारत ठूलो विश्वव्यापी शक्ति बनेको हो भन्ने भ्रममा योगदान पुऱ्याएका छन्। यो तप्काले जी-२० शिखर सम्मेलनको नेतृत्व लिँदा भारत 'विश्वगुरु' हो भन्ने भ्रमलाई थप चुल्यायो। 'विश्वगुरु'को भ्रमलाई घरेलु स्तरमा राजनीतिक प्रतिद्वन्द्वीलाई उछिन्न फैलाउँदासम्म पनि अन्तर्राष्ट्रियस्तरमा मुलुकको बेइज्जती भइहाल्दैन। तर, भारतलाई आफैंले फैलाएको 'विश्वगुरु'को भ्रमले आफैंलाई गाँजेको छ। चीनको उदय भइरहेको अवस्थामा पश्चिमा मुलुकले डराएर अन्तर्राष्ट्रिय मामिलामा भारतले जे गरे पनि वास्ता गर्दैनन् भन्ने सोचबाट भ्रमपूर्ण आत्मविश्वास जागेको हो। भारतले युक्रेनमा भएको रुसी अतिक्रमणका मामिलामा आफ्नो अडानप्रति आएको पश्चिमा प्रतिक्रिया विशेषतः अमेरिकाको असन्तुष्टि पहिल्यै ठम्याउन सक्नुपर्थ्यो।



तस्बिरः टेड सेफ्रे/एपी

हालै भएको सी जिनपिङ र जो बाइडेन भेटले भारतको सीमित भूराजनीतिक स्थितिलाई झल्काउँछ। दक्षिणी गोलार्धको आफू नेता हुँ भन्ने दाबी गरेर भारतीय राजनीतिक नेतृत्वले आफैंले सिर्जना गरेको भाष्यमा विश्वास गरेका छन्।

यही साता 'कार्नेगी इन्डाउमेन्ट'का सदस्य एवं भारतका हितैषी रहेका अमेरिकी भूराजनीतिक विश्लेषक एस्ले टेलिसले भारतका एक 'सरकारी अधिकारी'ले अमेरिकी नागरिकको हत्याको षड्यन्त्र बुनेको भन्दै वासिंटनले लगाएको आरोपका सन्दर्भमा प्रतिक्रिया जनाएका छन्। 'चीनलाई सन्तुलनमा राख्न भारतलाई अमेरिकाले दिएको महत्त्वलाई लिएर नयाँदिल्लीले अमेरिकी नागरिकलाई नै तारो बनाउँछु भनेर सोच्नु भूल हुनेछ,' टेलिस बताउँछन्। यो अभिव्यक्ति सार्वजनिक स्तरबाट आएको एकदमै सौम्य निन्दा थियो। आन्तरिक रूपमा बाइडेन प्रशासनले भारतलाई योभन्दा कैयौं गुणा ठूलो चेतावनी दिएको हुनुपर्छ।

वासिंटनबाट आएको यो समाचारमा प्रतिक्रिया जनाउँदै नयाँदिल्लीमा रहेका अहिलेको सत्ता समर्थक अमेरिका पनि के कम छ र भन्ने मार्कोको 'ट्विट' गरिरहेका छन्। यिनले अमेरिकाले आफ्ना शत्रुलाई रुसमा र रुसले आफ्ना शत्रुलाई अमेरिकामा मार्दा भारतले किन मार्न नपाउने भन्ने प्रश्न गरिरहेका छन्। वास्तवमा यो प्रश्न भारत शक्तिशाली छ र 'विश्वगुरु' हो भन्ने मुलुकघाती भ्रमबाट उब्जिरहेको छ।

मुलुकको शक्ति र प्रभावका मामिलामा राजनीतिक नेतृत्वमाझ रहेको भ्रमका कारण भारतले यसअघि पनि मूल्य चुकाउँदै आएको छ। सन् १९६२ मा मुलुकले मूल्य चुकाएको थियो, किनभने तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूले पनि भारतको अतिरञ्जित क्षमता र प्रभावको भ्रम पालेका थिए। त्यसैगरी सन् १९९१ को भुक्तानी सन्तुलन एवं आर्थिक संकटका पछाडि आंशिक रूपमा भारतले आफूलाई अतिरञ्जित ढंगले भूराजनीतिक एवं आर्थिक शक्ति ठानेको थियो।

आवधिक र अनुकूल परिस्थितिमा नयाँदिल्लीका राजनीतिक नेताले भारत महत्त्वपूर्ण बिन्दुमा 'पुगिसक्यो' भन्ने धारणा राख्छन्। पहिले विभिन्न व्यक्ति र संस्थाले यस्ता विश्वासमा प्रश्न र जाँच गर्थे। तर, विगत एक दशकमा यस्ता सबै संस्था राजनीतिक रूपमा विकृत हुँदै बौद्धिक भ्रष्टाचारमा लिप्त छन्। भारत अझै 'विश्वगुरु' भइसकेको छैन। भारत अझै 'अपरित्याज्य' शक्ति बनिसकेको छैन। बरु अघिल्लो दशकयता छिमेकी राष्ट्रमाझ भारतको प्रभाव घटेको छ।

सन् २०१९ मा मोदी सरकारले तथाकथित 'सीमापार'का आतंकवादी अखडामाथि धाबा बोलेको भन्दै पाकिस्तान अधीनस्थ कस्मिरमा भारतको रक्षा क्षमता र अभिप्रायः प्रदर्शन गरेको दाबी गरेको थियो। भारतको आन्तरिक राजनीतिक खपतका लागि यो प्रोपगान्डालाई ठिकै पनि मान्न सकिएला। तर, यो दाबीलाई लिएर कति रक्षा विश्लेषक र स्वनामधन्य विज्ञले इमानदार समीक्षा गरेका थिए ? जिमिनी स्तरमा 'लाइन अफ एक्चुअल कन्ट्रोल'लाई लिएर भारत र चीनको दाबीबारे विश्वलाई थाहा छ। अब भनौं, कतिजना स्वनामधन्य विश्लेषक र विज्ञ यसबारे खुलेर बोल्न इच्छुक छन् ?

भारत निःसन्देह एक उदीयमान शक्ति हो। अबको कुनै समयमा वैश्विक शक्ति सन्तुलनको 'बहुध्रुवीय' प्रणालीमा भारत एक ध्रुव बन्नेछ। भारतले चीनलाई उछिन्नेछ। एसियाको प्रभाव बढ्नेछ र पश्चिमा मुलुकको प्रभाव घट्नेछ। भविष्यलाई लिएर हुने यी आकलन यथार्थवादी लाग्छन्, तर भारतमा भविष्य नै वर्तमान बनिसक्यो, अर्थात् भारत 'अमृतकाल'मा पुगिसक्यो र सारा विश्वले 'हामीलाई नियाल्छ'। वास्तवमा यी भाष्य फगत घरेलु प्रोपगान्डा हुन्। भ्रममा बाँच्नु र आफ्नै प्रोपगान्डामा विश्वास गर्नुको सट्टा प्रोपगान्डा र यथार्थबीचको भिन्नताबारे जानकारी हुनु भनेको राष्ट्रिय स्वार्थअनुकूल हुनु हो।

(बरु भारतको राष्ट्रिय सुरक्षा सल्लाहकार बोर्डका पूर्वसदस्य एवं पूर्वप्रधानमन्त्री मनमोहन सिंहका सल्लाहकार हुन्)
- द इन्डियन एक्सप्रेसबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ, फोन: ०१- ४५२३४३२ | शाखा कार्यालय: भरतपुर, चितवन, फोन: ०५६- ५३३२४०/४१ | शाखा कार्यालय: धरान, सुनसरी, फोन: ०२५- ५३३०४८/४९

को

केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी पुन: ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०८/१७ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धि १५ (पन्ध्र) र ७ (सात) दिने अन्यन्त जरुरी सार्वजनिक सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना पुन: प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६९/०१/०४ मा दर्ता नं. ९२४७६/०६८/०६९ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २२, नयाँसडक स्थित **बराहा नेशनल इन्भेष्टमेन्ट प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. रणध्वोज विश्वकर्माको नाति, इन्द्र कुमार विश्वकर्माको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **शिव कुमार विश्वकर्मा (लामीछाने) (ना.प्र.प.न. २७९०६८/०५४/५५/११७७२, काठमाण्डौ)**

२. टिकाराम लामगादेको नाति, कृष्ण बहादुर लामगादेको छोरा, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **प्रकाश लामगादे (ना.प्र.प.न. ६९७१०२२, झापा)**

धितोमा रहेको सम्पत्तिको विवरण

१. **सरिता कालिकोटे (वि.क.)** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १० (सिट नं. १०/ग) स्थित कित्ता नं. ९३२ र ९३४ को क्रमश : क्षेत्रफल ०-१-२-० र ०-०-४-० (बिघा) को घर र जग्गा तथा सो घर र जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२. **सम्भु मोक्तानको** नाममा मालपोत कार्यालय सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं. ७ (सिट नं. ७/ग) स्थित कित्ता नं. २५३ र २५५ को क्रमश : क्षेत्रफल ०-०-१०.५-० र ०-०-८-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

३. **शुभ राज खातीको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान न.पा. वडा नं. ४ (सिट नं. ९५६) स्थित कित्ता नं. ९८८ को क्षेत्रफल ०-०-६-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

४. **शुभ राज खातीको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान न.पा. वडा नं. ४ (सिट नं. ९७५) स्थित कित्ता नं. ९९० र ९९१ को क्रमश : क्षेत्रफल ०-०-१-० र ०-०-०-०.२५ (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

५. **अवनिन्द्र निरौलाको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, बाझगारा गा.वि.स/न.पा. वडा नं. २ (सिट नं. २/क) स्थित कित्ता नं. ८३४६ को क्षेत्रफल ०-०-१९-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

६. **रोशना मोक्तानको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, इटहरी गा.वि.स/न.पा. वडा नं. ७ (सिट नं. ७/ख) स्थित कित्ता नं. ७१६ को क्षेत्रफल ०-१-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

७. **अम्वर वहादुर विश्वकर्माको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान न.पा. वडा नं. ९ (सिट नं. ९/ख) स्थित कित्ता नं. ७३८ को क्षेत्रफल ०-०-५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

८. **मान वहादुर विश्वकर्माको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान न.पा. वडा नं. ९ (सिट नं. ९/ग) स्थित कित्ता नं. १८२ को क्षेत्रफल ०-०-१०.७५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

९. **मान वहादुर विश्वकर्माको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, बाझगारा गा.वि.स/न.पा. वडा नं. ५ (सिट नं. ५/ग) स्थित कित्ता नं. ६९२, ७१५ र ७१६ को क्रमश : क्षेत्रफल ०-०-७-०, ०-०-७-० र ०-०-१६.५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१०. **मान वहादुर विश्वकर्माको** नाममा मालपोत कार्यालय सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, बाझगारा गा.वि.स/न.पा. वडा नं. २ (सिट नं. २/क) स्थित कित्ता नं. ८३४४ को क्षेत्रफल ०-०-१९-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति : २०६४/१०/२९ मा दर्ता. नं. ५१६५२/०६४/०६५ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २२, नयाँसडक स्थित **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. रणध्वोज विश्वकर्माको नाति, इन्द्र कुमार विश्वकर्माको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **शिव कुमार विश्वकर्मा (लामीछाने) (ना.प्र.प.न. २७९०६८/०५४/५५/११७७२, काठमाण्डौ)**

२. रणध्वोज विश्वकर्माको बुहारी, इन्द्र कुमार विश्वकर्माको पत्नी, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **विष्णु माया विश्वकर्मा (ना.प्र.प.न. ६९७१३०२, झापा)**

३. छविलाल विश्वकर्माको नाति, धनविर विश्वकर्माको छोरा, भोजपुर जिल्ला, बैकुण्ठे गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **मान बहादुर विश्वकर्मा (ना.प्र.प.न. २२४३/१२११७, सुनसरी)**

धितोमा रहेको सम्पतिको विवरण

१. **विष्णु माया विश्वकर्मा र शिव कुमार विश्वकर्मा (लामीछाने)** को संयुक्त नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २२ स्थित कित्ता नं. ६३०, ६३१, १९४५, १९४७ र १९४९ को क्रमश : क्षेत्रफल ०-०-२-०, ०-०-२-०, ०-०-०-१, ०-०-०-१ र ०-०-०-१ (रोपनी) को घर र जग्गा तथा सो घर र जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं. ५ (सिट नं. ५) स्थित कित्ता नं. ३४० को क्षेत्रफल ०-०-८-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

३. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स/न.पा. वडा नं. ९ (सिट नं. ९/घ) स्थित कित्ता नं. १८४३, २६६ र १११७ को क्रमश : क्षेत्रफल ०-६-०-०, ०-२-१७-१ र ०-५-३-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

४. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय धनकुटाको लगतमा दर्ता श्रेस्ता कायम रहेको धनकुटा जिल्ला, कार्कीछाप गा.वि.स/न.पा. वडा नं. ५(सिट नं. ५) स्थित कित्ता नं. ९६४, ९६२, १०२३, ९६१ र ९६३ को क्रमश : क्षेत्रफल ०-३-०-०, ०-१-०-०, ०-५-०-०, ०-५-२-० र ०-२-०-० (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

५. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय धनकुटाको लगतमा दर्ता श्रेस्ता कायम रहेको धनकुटा जिल्ला, कार्कीछाप गा.वि.स/न.पा. वडा नं. ७ (सिट नं. ७) स्थित कित्ता नं. ५६५, ५५२, ५५५ र ५५३ को क्रमश : क्षेत्रफल ०-६-०-१, ०-७-२-०, १-१०-३-० र ०-७-२-३ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

६. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं. ९ (सिट नं. ९/ख) स्थित कित्ता नं. ८६३ र ८६० को क्रमश : क्षेत्रफल ०-०-३-० र ०-०-३.२५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

७. **मान वहादुर विश्वकर्माको** नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, घोपा गा.वि.स./न.पा. वडा नं. २ (सिट नं. २/क) स्थित कित्ता नं. ५३२२, २६२७ र २६२९ को क्रमश : क्षेत्रफल ०-०-३.७५-०, ०-०-७.५-० र ०-०-२.५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

८. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, बाझगारा गा.वि.स/न.पा. वडा नं. २ (सिट नं. २/ग) स्थित कित्ता नं. १६२२ को क्षेत्रफल ०-०-६-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

९. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, बाझगारा गा.वि.स/न.पा. वडा नं. ३ (सिट नं. ३/ङ) स्थित कित्ता नं. १९३० को क्षेत्रफल ०-०-१७.५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१०. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, घोपा गा.वि.स/न.पा. वडा नं. ४ (सिट नं. ४/क) स्थित कित्ता नं. ६१९, ५४३ र ५४२ को क्रमश : क्षेत्रफल ०-०-५-०, ०-१-०-० र ०-१-०-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

११. **मान वहादुर विश्वकर्माको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ३ (सिट नं. ३/ख) स्थित कित्ता नं. ७७३ को क्षेत्रफल ०-०-१९-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१२. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ३ (सिट नं. ३/झ) स्थित कित्ता नं. ७६२, ७४० र ७६३ को क्रमश : क्षेत्रफल ०-०-१३-०, ०-०-६-० र ०-०-७-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१३. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, हांसपोसा गा.वि.स./न.पा. वडा नं. ६ (सिट नं. ६/क) स्थित कित्ता नं. १०३९, १०७७ र १०३७ को क्रमश : क्षेत्रफल ०-०-१०-०, ०-०-१-० र ०-०-५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१४. **शिव कुमार विश्वकर्मा (लामीछाने)** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ७ (सिट नं. ७/क) स्थित कित्ता नं. १३०२, ४३९८, ८६१८ र ८६१५ को क्रमश : क्षेत्रफल ०-०-१०-०, ०-१-०-०, ०-०-१०.५-० र ०-०-९.५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१५. **विष्णु माया विश्वकर्माको** नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं. ९ (सिट नं. ९/ग) स्थित कित्ता नं. ७७ को क्षेत्रफल ०-१-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१६. **रिना राईको** नाममा मालपोत कार्यालय भरतपुर, चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, नारायणगढ गा.वि.स./न.पा. वडा नं. ६ (सिट नं. ६/ख) स्थित कित्ता नं. ७४५१ को क्षेत्रफल ०-०-६.२५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१७. **विष्णु माया विश्वकर्मा र शिव कुमार विश्वकर्मा (लामीछाने)** को संयुक्त नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान न.पा. वडा नं. ७ (सिट नं. ७/क) स्थित कित्ता नं. ५६३४ को क्षेत्रफल ०-२-१३-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१८. **विष्णु माया विश्वकर्मा र शिव कुमार विश्वकर्मा (लामीछाने)** को संयुक्त नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान न.पा. वडा नं. ९ (सिट नं. ९/ग) स्थित कित्ता नं. १९२, २२७, २२८ र २३४ को क्रमश : क्षेत्रफल ०-०-१६-०, ०-०-१५-०, ०-०-४.२५-० र ०-०-२.५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१९. **विष्णु माया विश्वकर्मा र शिव कुमार विश्वकर्मा (लामीछाने)** को संयुक्त नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान न.पा. वडा नं. ५ स्थित कित्ता नं. ३४१ र ३९६ को क्रमश : क्षेत्रफल ०-०-१२-१ र ०-०-४-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२०. **विष्णु माया विश्वकर्मा र शिव कुमार विश्वकर्मा (लामीछाने)** को संयुक्त नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ९ (सिट नं. ९/ग) स्थित कित्ता नं. ३४ र ३३८ को क्रमश : क्षेत्रफल ०-०-११-० र ०-१-७-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२१. **मान वहादुर विश्वकर्माको** नाममा मालपोत कार्यालय सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, घोपा गा.वि.स./न.पा. वडा नं. ६ (सिट नं. ६/ख) स्थित कित्ता नं. ६८४ को क्षेत्रफल ०-१-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२२. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ४ (सिट नं. ४/ट) सनराइज अपार्टमेन्ट स्थित कित्ता नं. २५, २८, २९, ३१, ३७, ३८, ३९ र २२४ को जम्मा क्षेत्रफल १०३६ वर्ग फिट को घर र जग्गा तथा सो घर र जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२३. **शिव कुमार विश्वकर्मा (लामीछाने)** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, चतरा गा.वि.स./न.पा. वडा नं. ४ (सिट नं. ४/ङ) स्थित कित्ता नं. ८७४, ८८१ र ८७५ को क्रमश : क्षेत्रफल ०-१-१८.५-०, ०-१-११.५-०, ०-०-३.५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

३. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७८/०४/२८ मा दर्ता नं. २६७९२५/०७८/०७९ कायम भई दर्ता भएको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ८, धनकुटे रोड स्थित **श्रीपा सुपर मार्केट स्टोर प्रा. लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. रणध्वोज विश्वकर्माको नाति, इन्द्र कुमार विश्वकर्माको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **शिव कुमार विश्वकर्मा (लामीछाने) (ना.प्र.प.न. २७९०६८/०५४/५५/११७७२, काठमाण्डौ)**

२. रणध्वोज विश्वकर्माको बुहारी, इन्द्र कुमार विश्वकर्माको पत्नी, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **विष्णु माया विश्वकर्मा (ना.प्र.प.न. ६९७१३०२, झापा)**

धितोमा रहेको सम्पत्तिको विवरण

१. **श्रीपा सुपर मार्केट स्टोर प्रा.लि.** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान गा.वि.स/न.पा. वडा नं. ७ (सिट नं. ७/ख) स्थित कित्ता नं. ९६३, १२३०, २३८३, २४५०, १२२९, १२३२ र २५४४ को क्रमश : क्षेत्रफल ०-०-०.५-०, ०-३-१२.५-०, ०-०-१९.२५-०, ०-०-४-०, ०-१-०-०, ०-०-९-० र ०-०-०.५-० (बिघा) को घर र जग्गा तथा सो घर र जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२. **डम्बर विश्वकर्मा लामिछानेको** नाममा मालपोत कार्यालय धनकुटाको लगतमा दर्ता श्रेस्ता कायम रहेको धनकुटा जिल्ला, कार्कीछाप गा.वि.स/न.पा. वडा नं. ७ स्थित कित्ता नं.७८५ को क्षेत्रफल ३-१५-२-२ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

३. **प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता रहेको तपसिल बमोजिमको सवारीसाधन :**

क्र.सं.	सवारीको मोडल	इन्जिन नं.	च्यासिस नं.	दर्ता नं.
१.	NISSAN Magnite - 2021	016786C	MDHFBADD0M9033371	बागमती प्रदेश-०१-०२६ च ६३३५

४. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७६/०६/०९ मा दर्ता नं. २२५७७५/०७६/०७७ कायम भई दर्ता भएको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२, महेन्द्र पथ स्थित **बराह डिपार्टमेन्ट स्टोर प्रा. लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. रणध्वोज विश्वकर्माको नाति, इन्द्र कुमार विश्वकर्माको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **शिव कुमार विश्वकर्मा (लामीछाने) (ना.प्र.प.न. २७९०६८/०५४/५५/११७७२, काठमाण्डौ)**

२. छविलाल विश्वकर्माको नाति, धनविर विश्वकर्माको छोरा, भोजपुर जिल्ला, बैकुण्ठे गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **मान बहादुर विश्वकर्मा (ना.प्र.प.न. २२४३/१२११७, सुनसरी)**

३. रणध्वोज विश्वकर्माको नातिनी, इन्द्र कुमार विश्वकर्माको छोरी, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भएको **मन्दीरा लामिछाने विश्वकर्मा (ना.प्र.प.न. २४२०६/०६१/६२, सुनसरी)**

४. लालविर सुनार (वि.क.) को नाति, लक्ष्मण सुनार (वि.क.) को छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ११ स्थित स्थायी ठेगाना भएको **रवि सुनार (वि.क.) (ना.प्र.प.न. ३९१६७/०६५/६६, सुनसरी)**

धितोमा रहेको सम्पतिको विवरण

१. **प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता रहेको तपसिल बमोजिमको सवारीसाधन :**

क्र.सं.	सवारीको मोडल	इन्जिन नं.	च्यासिस नं.	दर्ता नं.
१.	NISSAN Magnite XV- 2021	017003C	MDHFBADD0M9032564	बागमती प्रदेश-०१-०२६ च ३०९७

५. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६८/०२/२६ मा दर्ता नं. ८३८४३/०६७/०६८ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ११, सुन्धारा स्थित **टाइम्स रेमिट प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. धर्म रत्न स्थापित (सिलाकार) को नाति, सप्र रत्न स्थापित (सिलाकार) को छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १९ स्थित स्थायी ठेगाना भएको **प्रमिल स्थापित (सिलाकार) (ना.प्र.प.न. ५६५४, काठमाण्डौ)**

२. रणध्वोज विश्वकर्माको नाति, इन्द्र कुमार विश्वकर्माको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **शिव कुमार विश्वकर्मा (लामीछाने) (ना.प्र.प.न. २७९०६८/०५४/५५/११७७२, काठमाण्डौ)**

६. ऋणीको विवरण

रणध्वोज विश्वकर्माको नाति, इन्द्र कुमार विश्वकर्माको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **शिव कुमार विश्वकर्मा (लामीछाने) (ना.प्र.प.न. २७९०६८/०५४/५५/११७७२, काठमाण्डौ)**

व्यक्तिगत जमानतकर्ताको विवरण

रणध्वोज विश्वकर्माको बुहारी, इन्द्र कुमार विश्वकर्माको पत्नी, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **विष्णु माया विश्वकर्मा (ना.प्र.प.न. ६९७१३०२, झापा)**

नोट : माथि उल्लेखित ऋणीको विवरण नं. २ को धितोमा रहेको सम्पत्तिको विवरण नं. १ मा रहेको सम्पति ऋणी टाइम्स रेमिट प्रा. लि. र शिव कुमार विश्वकर्मा (लामीछाने) को लागि समेत धितोमा रहेको ।

धितो लिलामी बिक्रीका शर्तहरू :

१. बोलपत्र आवेदन फारम मिति २०८०/०८/१७ गते आइतवारदेखि यस बैंकको कर्जा असुली विभाग, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालयहरु धरान, सुनसरी र भरतपुर, चितवनबाट प्राप्त गर्न सकिनेछ ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/०८/२३ गते शनिवार परेकाले मिति २०८०/०८/२४ गते आइतवार कार्यालय समय भित्र २ नं. ऋणीको धितोमा रहेको सम्पत्तिको विवरण नं. १ र २२ तथा सवारी साधनको हकमा यस बैंकको कर्जा असुली विभाग, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ मा २ नं. ऋणीको धितोमा रहेको सम्पत्तिको विवरण नं. १६ को हकमा शाखा कार्यालय भरतपुर, चितवनमा र अन्य धितोमा रहेको सम्पत्तिको हकमा शाखा कार्यालय धरान, सुनसरीमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरू उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८०/०८/२५ गते सोमवार दिउँसो ४:०० बजे कार्यालय समय भित्र २ नं. ऋणीको धितोमा रहेको सम्पत्तिको विवरण नं. १ र २२ तथा सवारी साधनको हकमा यस बैंकको कर्जा असुली विभाग, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौमा २ नं. ऋणीको धितोमा रहेको सम्पत्तिको विवरण नं. १६ को हकमा शाखा कार्यालय भरतपुर, चितवनमा र अन्य धितोमा रहेको सम्पत्तिको हकमा शाखा कार्यालय धरान, सुनसरीमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगददाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको कर्जा असुली विभाग, केन्द्रीय कार्यालय, कमलपोखरी काठमाण्डौ तथा शाखा कार्यालयहरु धरान, सुनसरी र भरतपुर, चितवनमा सम्पर्क राखि बुझ्न सकिनेछ ।

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार १७ मंसिर ०८०

नेपालमा पाँच लाखभन्दा बढी वेबसाइट बन्द

ऐनविपरीत खोलिएको न्युज पोर्टल, अनलाइन जुवा खेलाउने तथा पोर्नसाइट बन्द

मुना कुँवर/नयाँ पत्रिका

दूरसञ्चार प्राधिकरणले नेपालमा पाँच लाखभन्दा बढी वेबसाइटहरू बन्द गरेको छ। विभिन्न निकायको सिफारिसमा प्राधिकरणले धेरै पोनोग्राफीका वेबसाइटहरू बन्द गर्न निर्देशन दिएको हो। प्राधिकरणले सरकारको निर्देशनमा हालै टिकटक पनि बन्द गरेको छ। तत्कालीन सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटाले समाजमा हत्या-हिंसाजस्ता अपराध बढेको भन्दै पोनोग्राफी साइटहरू बन्द गर्न प्राधिकरणलाई निर्देशन दिएको थियो। ५ असोज ०७५ मा मन्त्रालयले प्राधिकरणलाई पत्रमार्फत साइटहरू बन्द गर्न भनेको थियो।

मुलुकी अपराध ऐन, २०७४ को दफा १२१ तथा अन्य प्रचलित कानुनले यौनजन्य अश्लील सामग्रीको आदान-प्रदान, प्रकाशन र प्रसारणलाई बन्देज लगाएको छ। इन्टरनेटको माध्यमबाट यस्ता यौनजन्य अश्लील सामग्रीमा सहज पहुँचले समाजको मूल्य-मान्यता र सामाजिक सद्भावनामा खलल पुगेको तथा समाजमा यौनजन्य हिंसा र विकृति सिर्जना गर्न प्रेरित गरेको भन्दै त्यस्ता वेबसाइट बन्द गरेको मन्त्रालयले जनाएको छ। इन्टरनेट सेवाप्रदायकको आचार संहिताअन्तर्गत यस्ता वेबसाइट बन्द गरिनुपर्ने प्रावधान भएको प्राधिकरणका निर्देशक विजयकुमार रोयले बताए। 'अश्लील सामग्री भएका साइट, समाजको शान्ति भंग गर्ने, सांस्कृतिक विचलन ल्याउनेलगायतका वेबसाइट बन्द गर्ने प्रावधान नै छ,' उनले भने। यस्ता साइटहरूबारे भने प्राधिकरण आफैंले नै बन्द गर्न निर्देशन दिने उनले बताए। यस्ता साइट बन्द गर्नका लागि इन्टरनेट सेवाप्रदायकलाई प्राधिकरणको निर्देशनको पनि आवश्यकता नपर्ने उनले बताए। नेपालमा एक सय ३० वटा लाइसेन्सप्राप्त इन्टरनेट सेवाप्रदायक छन्।

सयभन्दा बढी क्रिप्टोकरेन्सी तथा अनलाइन जुवासम्बन्धी साइट बन्द

नेपाल दूरसञ्चार प्राधिकरणले सयभन्दा बढी संख्यामा क्रिप्टोकरेन्सी तथा अनलाइन जुवासम्बन्धी वेबसाइट बन्द गरेको जनाएको छ। नेपाल राष्ट्र बैंकको निर्णयअनुसार प्राधिकरणले ०७९ पुस २५ गतेदेखि अनलाइन प्रविधिमार्फत हुने क्रिप्टोकरेन्सी, बिटक्वाइन, हाइपर नेटवर्किङ, अनलाइन जुवातासलगायतका साइट तथा एप्लिकेसन बन्द गर्न निर्देशन दिएको थियो।

यसैगरी, केन्द्रीय अनुसन्धान ब्युरोले पब्जी नामक गेम बन्द गर्न प्राधिकरणलाई निर्देशन दिएको थियो। ब्युरोले २८ चैत ०७५ मा युवा पुस्तामा लोकप्रिय यो खेलले धेरै बालबालिकाको मस्तिष्कमा गम्भीर आघात पुऱ्याएको भन्दै बन्द गर्ने निर्णय गरेको थियो।

केही कानुन व्यवसायीले पब्जी बन्द गर्नुले अभिव्यक्ति स्वतन्त्रताको अधिकार हनन भएको भन्दै ०७६ वैशाख ३ मा सर्वोच्च अदालतमा रिट दायर गरे। वैशाख ६ गते सो रिटमाथि सुनुवाइपछि सर्वोच्चले पब्जी बन्द गर्ने सरकारको निर्णयलाई बदर गर्ने अन्तरिम आदेश थियो। साथै, १५ दिनभित्रमा पब्जी बन्द गराउनुको कारण लिखित रूपमा माग गऱ्यो। यो मुद्दा अझै सर्वोच्चमा विचराधीन छ।

सयभन्दा बढी अनलाइन पोर्टल बन्द

त्यस्तै, प्राधिकरणले करिब एक सय अनलाइन पोर्टलहरू बन्द गरेको निर्देशक रोयले बताए। नेपाल प्रेस काउन्सिलको आग्रहमा यस्ता न्युजपोर्टलहरू बन्द गरिएको उनले बताए। काउन्सिलले ऐनविपरीत खोलिएका न्युजपोर्टल सर्घैंका लागि बन्द गर्ने तथा ऐनविपरीत काम गरेको अनलाइनलाई कारबाहीस्वरूप निश्चित समयका लागि बन्द गर्न आग्रह गरेको उनले बताए। काउन्सिलले गरेको कारबाहीलाई स्वीकार गरी कसैले जरिवाना भुक्तानी गरेमा वा गल्ती स्वीकार गरेमा पनि काउन्सिल त्यस्ता अनलाइन पोर्टललाई फेरि सञ्चालन हुने अनुमति दिन्छ। यस्तो अवस्थालाई काउन्सिलकै आग्रहमा खुलाइने गरेको उनले स्पष्ट पारे।

टिकटक बन्द नगर्ने सेवाप्रदायकलाई कारबाही गर्न दूरसञ्चार प्राधिकरणलाई सिफारिस

नयाँ पत्रिका

नेपाल दूरसञ्चार प्राधिकरणको निर्देशनबमोजिम टिकटक बन्द नगर्ने सेवाप्रदायकलाई हदैसम्मको कारबाही गर्न सिफारिस गरिएको छ। प्राधिकरणले टिकटक बन्दको अवस्था र टिकटक पूर्ण रूपमा बन्दका गर्न अपनाउनुपर्ने उपायको सम्बन्धमा अध्ययन गर्न गठित उपसमितिले अध्ययन प्रतिवेदन बुझाउँदै यस्तो सिफारिस गरेको हो। दूरसञ्चार ऐन, २०५३ अनुसार प्राधिकरणको निर्देशन नमान्ने सेवाप्रदायकलाई ५० हजार जरिवाना गराइने उल्लेख छ। त्यस्तो कसुरबाट कसैलाई हानि-नोक्सानी पुगेमा त्यस्तो नोक्सानीको बिगो र सोबापतको क्षतिपूर्ति पनि दिनुपर्ने हुन्छ।

समितिले प्राधिकरणले टिकटकको प्रयोगमा तत्काल रोक लगाउन विभिन्न मितिमा दिइएको निर्देशनको सम्बन्धमा कुनै जवाफ वा प्रतिक्रिया नदिएका सेवाप्रदायकलाई दूरसञ्चार ऐनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाउन सिफारिस गरेको हो।

समितिले खटाएको निरीक्षण टोलीले नमुनाका रूपमा केही सेवाप्रदायकको निरीक्षण गरेको थियो। निरीक्षणमा सेवाप्रदायकले प्राधिकरणको निर्देशन पालना नगरेको पाइएकाले यस्ता सेवाप्रदायकलाई कारबाही गर्न भनेको छ। त्यस्तै, निःशुल्क उपलब्ध हुने भिपिएनहरूबाट भइरहेको टिकटकको प्रयोगमा रोक लगाउने सम्बन्धमा थप विस्तृत अध्ययन गर्नसमेत समितिले सिफारिस गरेको छ। त्यस्तै प्रकृतिको कार्य गर्न नेपाल सरकारका सम्बन्धित निकायबाट रिसर्च एन्ड डेभलपमेन्ट टिमको व्यवस्था गर्न सिफारिस गरिएको छ। कन्टेन्ट डेलिभर नेटवर्क (सिडिएन) प्रोभाइडर तथा कन्टेन्ट प्लेटफर्म प्रोभाइडरलाई नियमन गर्ने सम्बन्धमा अध्ययन गर्न पनि समितिले सिफारिस गरेको छ।

